# पर्यटन विकास नियमावली, २०७७

पर्यटन विकास ऐन, २०७६ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका निमयहरु बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो नियमको नाम "पर्यटन विकास नियमावली, २०७७" रहेको छ ।
(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "इजाजतपत्र" भन्नाले ऐन र यस नियमावली बमोजिम जारी हुने ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी वा होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार तथा पार्टी प्यालेस वा पथप्रदर्शक वा जलयात्रा वा रिभर गाइडको व्यवसाय गर्नको लागि प्रदान गरिने अनुमतिलाई सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले पर्यटन विकास ऐन, २०७६ सम्झनुपर्छ ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले नियम ७६ बमोजिमको कार्यकारी निर्देशक सम्झनुपर्छ ।

(घ) "कार्यालय" भन्नाले पर्यटन कार्यालय रहेको जिल्लाको हकमा सम्वन्धित जिल्लाको पर्यटन कार्यालय र नभएको हकमा सम्वन्धित जिल्लाको घरेलु तथा साना उद्योग कार्यालय सम्झनुपर्छ ।

(ङ) "जलयात्रा" भन्नाले कायक, र्‍याफ्टिङ, क्याटार्‍याफ्ट, डुङ्गा, नाउ, रिभरबोट, वा अन्य त्यस्तै प्रकृतिको नदिमा तैरिने जलयात्राको साधन प्रयोग गरी मनोरञ्जन, प्राकृतिक तथा साँस्कृतिक दृश्यावलोकनका लागि गरिने यात्रा सम्झनुपर्छ ।

(च) "जलयात्रा टोली" भन्नाले एकभन्दा बढि यात्रु रहेको जलयात्रा गर्ने टोली सम्झनुपर्छ ।

(छ) "दरखास्तवाला" भन्नाले ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी वा होटल,लज, रेष्टुँरा, रिसोर्ट, बार तथा पार्टी प्यालेस वा पथप्रदर्शक वा जलयात्रा वा रिभर गाइड वा अन्य यस्तै प्रकारको पर्यटन व्यवसाय गर्नको निमित्त मन्त्रालय समक्ष दरखास्त पेश गर्ने पर्यटन व्यवसायी सम्झनुपर्छ ।

(ज) "पर्यटन व्यवसायी" भन्नाले मन्त्रालयबाट इजाजत प्राप्त गरी ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी वा होटल,लज, रेष्टुँरा, रिसोर्ट, बार तथा पार्टी प्यालेस वा जलयात्रा वा रिभर गाइड वा अन्य यस्तै प्रकारको पर्यटन व्यवसाय गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई सम्झनुपर्छ ।

(झ) "वातावरणीय अध्ययन" भन्नाले प्रदेशको प्रचलित वातावरण सम्वन्धि कानून बमोजिम गरिने प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनुपर्छ ।

(ञ) "रिभर गाइड" भन्नाले जलयात्रा टोलीलाई जलयात्रामा सहयोग गर्ने ऐन र यस नियमावली बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(ट) "होटल व्यवसायी" भन्नाले मन्त्रालयबाट पर्यटक स्तरको होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार तथा पार्टी प्यालेस संचालन गर्ने इजाजत प्राप्त व्यक्ति, फर्म वा कम्पनीलाई सम्झनुपर्छ ।

(ठ) "समिति" भन्नाले नियम ७३ बमोजिम गठित पर्यटन प्रवर्द्धन विकास समिति सम्झनुपर्छ ।

(ड) "सम्वन्धित क्षेत्र" भन्नाले पर्यटकीय क्षेत्रको प्रवर्द्धन, विकास र व्यवस्थापन गर्न मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषदले निर्णय गरी प्रदेश राजपत्रमा प्रकाशित गरेको क्षेत्र सम्झनुपर्छ ।

(ढ) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम गठन भएका वा गठन हुने महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनुपर्छ ।

## परिच्छेद -२

## ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी सम्वन्धी व्यवस्था

३. इजाजतपत्रको लागि दरखास्त दिनुपर्ने: (१) ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको काम गर्न चाहने पर्यटन व्यवसायीले इजाजतपत्रको लागि दरखास्त दस्तुर बापत एक सय रुपैयाँ र देहाय बमोजिमका कागजात संलग्न गरी मन्त्रालय समक्ष अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ:

(क) प्रवन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपी (कम्पनीको हकमा),

(ख) प्रचलित कानून बमोजिम उद्योग/फर्म दर्ता भएको प्रमाणपत्र र बोधार्थ पत्रको प्रमाणित प्रतिलिपी,

(ग) फर्मको रुपमा दर्ता भएका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको हकमा कम्तिमा पन्ध्र लाख रुपैयाँ चालु पूँजी र सात लाख चुक्ता पूँजी खुलेको प्रमाणपत्र र शेयर भए शेयर लगतको प्रमाणित प्रतिलिपी,

(घ) कम्पनीको रुपमा दर्ता भएको ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको लागि कम्तिमा पच्चीस लाख रुपैयाँ चालु पूँजी र दश लाख रुपैयाँ चुक्ता पूँजी खुलेको प्रमाणपत्र र शेयर लगतको प्रमाणित प्रतिलिपी,

(ङ) प्रोपाइटर, साझेदारी वा संस्थापक शेयरधनी नेपाली नागरिक भए निजको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र बिदेशी नागरिक भए निजको राहदानी र नेपाल सरकारले जारी गरेको प्रवेशाज्ञा (भिसा) को प्रमाणित प्रतिलिपी, व्यवसाय गर्न पाउने नेपाल सरकारको आधिकारिक अनुमति पत्र, नेपाल सरकारद्वारा प्रदान गरिएको उद्योग वा व्यवसाय गर्ने इजाजतपत्र र प्रचलित कानून बमोजिमको अन्य कागजात,

(च) प्रोपाइटर, साझेदारी वा संस्थापक शेयरधनीको दुई/दुई प्रति फोटो सहितको व्यक्तिगत विवरण,

(छ) कार्यालय आफ्नो भवनमा भए सोको नक्सा, घरजग्गाको तिरो तिरेको रसिद र जग्गाधनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपी, भाडामा लिने भए घरधनीसँगको सम्झौताको प्रमाणित प्रतिलिपी,

(ज) व्यक्ति, फर्म वा कम्पनीको कबुलियतनामा,

(झ) शर्त सम्वन्धी कबुलियतनामा,

(ञ) एकभन्दा बढी प्रोपाइटर/संचालक भएको अवस्थामा तीमध्ये कुनै एक जनालाई प्रोपाइटर/शेयरधनीको निर्णयानुसार अख्तियारी दिएको भए त्यस्तो कागजातको प्रतिलिपी,

(ट) बैंङ्क ग्यारेन्टी गरेको खुल्ने सक्कलै कागज प्रमाण,

(ठ) स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(ड) कम्पनी/फर्म दर्ता गरेको एक आर्थिक वर्ष भुक्तान गरेको भए अघिल्लो वर्षको लेखा परीक्षण प्रतिवेदन र आय बिवरण बुझाएको प्रमाण र करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(ढ) सम्वन्धित स्थानीय तहको व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(२) इजाजतपत्रको लागि दरखास्त दिनु अघि इजाजतको अवधिभर सुरक्षण बापत ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट कम्तिमा पाँच लाख रुपैँया बराबरको बैंक ग्यारेन्टी मन्त्रालयको नाममा राखु पर्नेछ ।

४. <u>इजाजतपत्र दिने:</u> (१) नियम ३ बमोजिम इजाजतपत्रको लागि दरखास्त प्राप्त भएमा मन्त्रालयले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा दरखास्तवालालाई इजाजतपत्र दिन उपयुक्त देखिएमा ऐनको दफा ३ को उपदफा (३) बमोजिम इजाजतपत्र दिने निर्णय गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्णय भए पश्चात अनुसूची-१३ मा तोकिएको इजाजत दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी अनुसूची-२ बमोजिमको ढाँचामा मन्त्रालयले इजाजतपत्र दिनेछ ।

(३) यस नियमावली बमोजिम प्रदान गरिएको इजाजतपत्र हराए वा नासिएमा प्रतिलिपी पाउनको लागि पर्यटन व्यवसायीले मन्त्रालय समक्ष दरखास्त दिनुपर्नेछ र दरखास्त मनासिब देखिएमा मन्त्रालयले दुई हजार रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी इजाजतपत्रको प्रतिलिपी दिनेछ।

५. <u>इजाजतपत्र प्राप्त ब्यक्तिले पालना गर्नुपर्ने शर्त:</u> इजाजत प्राप्त ब्यक्तिले देहायका शर्त पालना गर्नु पर्नेछ:-

(क) प्रदेश सरकारले तोकिदिएको क्षेत्रमा मात्र ट्राभल तथा ट्रेकिङ्ग गराउने,

(ख) ट्राभल तथा ट्रेकिङ्ग गर्दा इजाजतपत्र प्राप्त ब्यक्तिले सम्वन्धित कामको लागि नियुक्त कामदार मार्फत मात्र सेवा प्रवाह गर्नुपर्ने,

(ग) ट्राभल तथा ट्रेकिङ्ग गर्दा वातावरणीय सरसफाइ वा फोहोरमैलाको व्यवस्थापनको सम्वन्धमा मन्त्रालयले तोके बमोजिम गर्ने,

(घ) आफूले पाएको इजाजतपत्र सहितको अन्य प्रमाणपत्र कार्यालयमा सबैले देख्ने ठाउँमा राखु पर्ने,

(ङ) ट्राभल तथा ट्रेकिङ्ग गर्दा प्रचलित कानून बमोजिम पालना गर्नु पर्ने कुरा पालना गर्ने,

(च) पर्यटकसँग जाने कामदारको मान्यता प्राप्त विमा कम्पनीसित विमा गराउनु पर्ने,



सन्जीव कुमार राई
सचिव

(छ) इजाजत अवधिको प्रत्येक बर्षको वार्षिक प्रतिवेदन सम्वन्धित संस्थाको अख्तियार प्राप्त व्यक्तिबाट मन्त्रालयमा पेश गर्नुपर्ने,

(ज) प्रवन्धपत्र तथा नियमावलीमा जुनसुकै उद्देश्य समावेश भए तापनि ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्रमा उल्लेखित काम मात्र गर्नुपर्ने,

(झ) ऐन र यस नियमावली बमोजिम प्रदेश सरकारले दिएको आदेश निर्देशनको पालना गर्नुपर्ने,

(ञ) आफ्नो सेवा वापत पर्यटकबाट लिइने शुल्कको दरको सूचना प्रदेश सरकारलाई दिनुपर्ने,

(ट) शाखा वा इकाई कार्यालयले गरेको कारोबारको वासलात पेश गर्नुपर्ने,

(ठ) नियम ९३ बमोजिम मन्त्रालयले पर्यटन व्यवसायीका लागि बनाएको आचार संहिता पालन गर्ने ।

६. <u>ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको वर्गीकरण</u>: ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको बर्गीकरण सम्वन्धी व्यवस्था मन्त्रालयले सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ।

७. <u>इजाजतपत्रको अवधि र नवीकरण</u>: (१) इजाजतपत्रको अवधि पाँच वर्षको हुनेछ ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्रको नवीकरणका लागि अवधि समाप्त हुन अगावै एक सय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची-३ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनुपर्नेछ ।

(३) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि मन्त्रालयले आवश्यक जाँचबुझ गरी नवीकरण गर्न उपयुक्त देखेमा अनुसूची-१३ बमोजिमको नवीकरण दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी इजाजत पत्र नवीकरण गर्नेछ ।

(४) इजाजतपत्रको म्याद समाप्त भएपछि कसैले इजाजतपत्र नवीकरण गर्न चाहेमा देहाय बमोजिमको थप नवीकरण दस्तुर लाग्नेछ:

(क) पहिलो छ महिनासम्म नवीकरण दस्तुरको पचास प्रतिशत,

(ख) खण्ड (क) बमोजिम म्याद समाप्त भएको मितिले पुनः छ महिनासम्म नवीकरण दस्तुरको शत प्रतिशत ।

(५) उपनियम (४) बमोजिमको म्यादभित्र पनि कसैले इजाजतपत्र नवीकरण नगरेमा त्यस्तो इजाजतपत्र स्वतः रद्द हुनेछ ।

८. <u>परिवर्त्य विदेशी मुद्रामा बील भुक्तानी गर्नु पर्ने</u>: (१) इजाजत प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीलाई विदेशी मुद्राको कारोवार गर्ने प्रयोजनका लागि सम्वन्धित निकायलाई मन्त्रालयले सिफारिस गर्न सक्नेछ ।

(२) ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले परिवर्त्य बिदेशी मुद्रामा विल भुक्तानी गर्दा संघीय सरकारले कानून बनाइ प्रदेश सरकारलाई अधिकार प्रदान गरेमा मन्त्रालयले सोही अनुरुप आवश्यक व्यवस्था गर्नेछ।

सञ्जीव कुमार राई
सचिव

(३) उपनियम (२) बमोजिम गरेको व्यवस्था लागू भए नभएको सम्बन्धमा मन्त्रालयले समय समयमा आवश्यक जाँच गर्न सक्नेछ।

९. शाखा कार्यालय खोल्न स्वीकृति लिनु पर्ने: (१) कम्पनीको रुपमा दर्ता भएका इजाजतपत्र प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले इजाजतपत्रमा उल्लेख गरेको स्थान बाहेक प्रदेश भित्रका अन्य जिल्लामा शाखा कार्यालय खोल्न चाहेमा त्यस्तो कार्यालय रहने स्थान समेत खुलाई दरखास्त दस्तुर वापत एकसय रुपैयाँ सहित मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी शाखा विस्तार बापत प्रति शाखा इजाजतपत्र दर्ता गर्दा लाग्ने दस्तुरको पच्चीस प्रतिशत रकम बैंकमा जम्मा गर्न लगाइ सोको सक्कल भौचर राखी दरखास्तवालाको माग बमोजिम शाखा कार्यालय खोल्न स्वीकृति दिनेछ ।

१०. शाखा कार्यालयको शर्त: ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको शाखा कार्यालय खोल्दा देहाय बमोजिमका शर्त पूरा गर्नु पर्नेछः

(क) आयकर दर्ता प्रमाणपत्रमा शाखा कार्यालय खोलेको उल्लेख हुनुपर्ने,
(ख) शाखा कार्यालयको छुट्टै प्रतिवेदन पेश गर्नुपर्ने,
(ग) प्रदेश सरकारलाई बुझाउनु पर्ने राजस्व बुझाउँदा शाखा कार्यालय समेतले गरेको कारोबार समेत जोडेर मुख्य कार्यालयले कारोबार देखाउनुपर्ने,
(घ) कम्पनीको नाम तथा शाखा कार्यालय समेत उल्लेख गरी साइनबोर्ड राखुपर्ने,
(ङ) अन्य सम्बन्धित निकायबाट स्वीकृति लिनुपर्ने भए स्वीकृति लिएर मात्र शाखा कार्यालय संचालन गर्नुपर्ने,
(च) शाखा कार्यालय खोल्दा वा स्थान चयन गर्दा सम्बन्धित स्थानीय तहको स्वीकृति लिई शाखा कार्यालय स्थापना वा संचालन गर्नुपर्ने ।

११. ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको विवरण हेरफेर सम्बन्धी ब्यवस्था: (१) इजाजत प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको साविकको नाम वा ठेगाना परिवर्तन भएमा परिवर्तन भएको मितिले तीस दिन भित्रमा मन्त्रालय समक्ष सूचना दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि मन्त्रालयले नाम वा ठेगाना परिवर्तन भएको व्यहोरा अभिलेखमा जनाई सोको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनुपर्नेछ ।

१२. ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको शेयरधनी परिवर्तन सम्बन्धी ब्यवस्था: (१) इजाजत प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको साविकको शेयरधनी परिवर्तन भएमा परिवर्तन भएको मितिले तीस दिन भित्रमा मन्त्रालयमा सूचना दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि मन्त्रालयले शेयरधनी परिवर्तन भएको व्यहोरा अभिलेखमा जनाउनु पर्नेछ ।

१३. बैंक ग्यारेन्टी परिवर्तन वा फुकुवा गर्ने: (१) इजाजत प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले राखेको बैंक ग्यारेन्टी परिवर्तन वा फुकुवा गर्नु पर्ने भएमा कारण खोली दरखास्त दस्तुर बापत एकसय रुपैयाँ सहित मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ ।



सन्जीव घुमार राई
सचिव

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा मन्त्रालयले आवश्यक जाँचबुझ गर्दा बैंक ग्यारेन्टी परिवर्तन/फुकुवा गर्न उपयुक्त देखेमा आवश्यक निर्णय गर्नेछ ।

(३) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा बाहेक अन्य अवस्थामा इजाजत लिदाका बखत पेश गरेको बैंक ग्यारेन्टी परिवर्तन बा फुकुवा गरिने छैनः

(क) इजाजतपत्र खारेज वा रद्द वा ऐन र यस नियमावलीको प्रावधान बमोजिम इजाजतपत्र स्वतः रद्द भएमा वा,

(ख) कम्पनी बा फर्मको दर्ता खारेज भएमा वा,

(ग) ट्राभल तथा ट्रेकिङ्ग व्यवसाय संचालन गर्ने उद्देश्य परिवर्तन बा खारेज भएमा वा,

(घ) शेयरधनी परिवर्तन भई एजेन्सीको दायित्व र शेयरमा परिवर्तन भएमा वा,

(ङ) बैंक ग्यारेण्टीको म्याद समाप्त भएमा वा,

(च) जमानत राखेको बैंक कुनै कारणले असुरक्षित भई जमानत असुल उपर हुन कठिन हुने अवस्था भएमा ।

१४. <u>सवारी साधन पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न सिफारिस गर्नेः</u> (१) प्रदेशको प्रचलित कानून बमोजिम मापदण्ड पूरा गरेका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले आफ्नो नाममा भएका सवारी साधनलाई पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न चाहेमा दरखास्त दस्तुर वापत एकसय रुपैयाँ सहित मन्त्रालय समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त दरखास्तका आधारमा मन्त्रालयले एजेन्सीको नाममा भएको सवारी साधनलाई पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न उपयुक्त देखेमा सिफारिस दस्तुर वापत पाँचसय रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी मन्त्रालयले सम्बन्धित निकायमा सिफारिस गर्नेछ ।

१५. <u>सवारी साधनमा भन्सार सुविधाको लागि सिफारिस गर्नेः</u> (१) प्रत्येक आर्थिक वर्षको बजेट वक्तव्य तथा आर्थिक ऐनमा उल्लेख भए अनुसार इजाजत प्राप्त ट्राभल तथा ट्रेकिङ्ग व्यवसायीले उल्लेखित बजेट वक्तव्य तथा ऐनले तोके बमोजिमका सवारी साधनमा भन्सार सुविधाको लागि सिफारिस प्राप्त गर्न चाहेमा दरखास्त दस्तुर बापत एकसय रुपैयाँ सहित मन्त्रालय समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा देहायका मापदण्ड पुरा गरेका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीलाई सिफारिस दस्तुर वापत पाँचसय रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी मन्त्रालयले सम्बन्धित निकायमा सवारी साधनमा भन्सार सुविधाका लागि सिफारिस गर्नेछ।

(क) इजाजत लिएको दुई वर्ष भुक्तान भएको हुनुपर्ने,

(ख) उजुरी परी कारवाहीमा नपरेको हुनुपर्ने,

(ग) यस अघि भन्सार सुविधामा सवारी साधन झिकाएको भए आर्थिक ऐनले तोके बमोजिमको अवधि व्यतित भैसकेको हुनुपर्नेछ



सचिव

(घ) तीन आर्थिक बर्षमा आर्जन गरेको विदेशी मुद्राको कूल अंकको पचास प्रतिशतले हुन आउने रकम बराबरले आर्थिक ऐनमा तोके बमोजिमका सवारी साधन भन्सार सुविधामा आयात गर्न सक्नेछ,

(ङ) भन्सार सुविधामा झिकाइएको सवारी साधनको बाहिर पट्टि सम्बन्धित एजेन्सीको नाम लेखिएको हुनुपर्नेछ ,

(च) उक्त सवारी साधन प्रचलित आर्थिक ऐनले तोकेको अवधिसम्म निजि सवारीको रुपमा दर्ता गर्न वा नामसारी गर्न पाइने छैन ।

१६. वाकीटकी वा अन्य रेडियो यन्त्रको सिफारिस गर्ने: (१) ट्राभल तथा ट्रेकिङ्ग व्यवसाय संचालन गर्न इजाजत लिएका एजेन्सीहरुले आफ्नो आन्तरिक प्रयोजनको लागि वाकीटकी वा अन्य रेडियो यन्त्र खरीद तथा प्रयोग गर्नका लागि लाइसेन्स प्राप्त गर्न सम्बन्धित निकायमा सिफारिस प्राप्त गर्न एक सय रुपैयाँ दरखास्त दस्तुर सहित मन्त्रालयमा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि मन्त्रालयले जाँचबुझ गरी उपयुक्त देखेमा वाकीटकी वा अन्य रेडियो यन्त्र खरीद तथा प्रयोग गर्नको लागि पाँचसय रुपैया बैंकमा जम्मा गर्न लगाई सम्बन्धित पर्यटन व्यवसायीलाई लाइसेन्स प्राप्त गर्न सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

१७. रकम असूल गराई दिन सक्ने: (१) कुनै कामदारले ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग लिन बाँकी रहेको पारिश्रमिक भराई पाउन मन्त्रालय समक्ष दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मनासिब देखिएमा मन्त्रालयले त्यस्तो ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीद्वारा मन्त्रालयको नाममा राखेको बैंक ग्यारेण्टीको रकमबाट कट्टा हुने गरी सम्बन्धित दरखास्तवालालाई रकम भुक्तानी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले भुक्तानी दिएमा भुक्तानी दिएको रकम सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिले पैंतीस दिन भित्र पुन: बैंक ग्यारेण्टीको रुपमा मन्त्रालयको नाममा जम्मा गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको अवधिमा पनि भुक्तानी भएको बैंक ग्यारेण्टी रकम इजाजत प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले बैंकमा जम्मा नगरेमा त्यस्तो इजाजतपत्र स्वत: खारेज हुनेछ ।

१८. व्यवसाय वा कारोबार बन्द गर्नु पर्दा सूचना दिनुपर्ने: (१) इजाजत प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी वा ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको शाखा कार्यालयले कुनै कारणले वा स्वेच्छाले व्यवसाय तथा कारोबार बन्द गर्नु परेमा कारण खोली त्यस्तो व्यवसाय बन्द गरेको मितिले तीस दिन भित्रमा मन्त्रालयमा सूचना दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि इजाजत प्राप्त ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको कार्यालय वा शाखा कार्यालय बन्द भएको व्यहोरा मन्त्रालयले अभिलेखमा जनाउनु पर्नेछ ।

तर त्यसरी व्यवसाय वा कारोबार बन्द गरेपछि व्यवसायीले तिर्नु बुझाउनु पर्ने रकम नबुझाएको भनी मन्त्रालयमा कसैको उजुरी पर्न आएमा प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम कारवाही हुनेछ ।

सञ्जीव कुमार राई
सचिव

१९. इजाजतपत्र नलिइ टिकटको खरिद बिक्रि( टिकेटिङ) गर्ने वा एजेण्टको काम गर्न नहुने: (१) कसैले पनि यस नियमावली बमोजिम ट्राभल एजेन्सीको इजाजतपत्र नलिइ टिकट खरिद बिक्रि (टिकेटिङ) वा जनरल सेल्स एजेण्टको रुपमा कारोबार गर्न पाउने छैन ।

(२) कसैले उपनियम (१) को व्यवस्था विपरित व्यवसाय गरेमा ऐनको दफा ११ को उपदफा (१) बमोजिम सजाय हुनेछ ।

## परिच्छेद -३

## पर्यटकस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार तथा पार्टी प्यालेस सम्वन्धी व्यवस्था

२०. होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार तथा पार्टी प्यालेसको दर्ता: (१) सम्वन्धित निकायमा दर्ता भएको होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसलाई ऐनको दफा १२ को उपदफा (२) बमोजिम कुनै होटल व्यवसायीले नियम २८ को वर्गीकरमा पर्ने गरी पर्यटकस्तरको भनी दर्ता गराउन चाहेमा दरखास्त दस्तुर एकसय रुपैयाँ सहित अनुसूची-४ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी मन्त्रालयमा दरखास्त दिनु पर्नेछ:

(क) प्रचलित कानून बमोजिम उद्योग दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र त्यसको बोधार्थ पत्र,

(ख) कम्पनी वा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ग) व्यवसाय संचालन गर्ने भवनको नक्सा र भवन सम्पन्नताको प्रमाणपत्र,

(घ) फर्म वा व्यक्ति भए त्यस्तो फर्मको संचालक वा व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र व्यक्तिगत विवरण,

(ङ) शेयर धनी भए शेयर धनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र व्यक्तिगत विवरण,

(च) जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी,

(छ) घरजग्गा भाडामा लिएको भए घरजग्गा धनीसँग भएको सम्झौताको प्रमाणित प्रतिलिपी,

(ज) सम्बन्धित स्थानीय तहको व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(झ) प्रवन्धपत्र र नियमावलीको प्रतिलिपी (कम्पनीको हकमा मात्र),

(ञ) पार्किङ्गको सुविधा भएको प्रमाणित गर्ने काजगजात वा पार्किङ्गको लागि जग्गा भाडामा लिने सम्झौता गरिएको भए सम्झौताको कागजात

(ट) बैंक जमानत वापत नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकले मन्त्रालयको नाममा जारी गरेको पाँच लाख रुपैयाको बैंक जमानत पत्रको सक्कल प्रति,

(ठ) अनुसूची- ५ बमोजिमको विवरण खुलेको सम्बन्धित स्थानीय तहको सिफारिस पत्र,



सञ्जीव कुमार राई
सचिव

(ङ) प्रचलित बातावरण संरक्षण ऐन तथा नियमावली बमोजिमको बातावरणीय अध्ययन प्रतिवेदन,

(ढ) स्थायी लेखा नं. (PAN)/VAT दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

(२) उपनियम (१) बमोजिमका कागजात सहित दरखास्त प्राप्त भएमा मन्त्रालयले सिफारिसका लागि नियम २२ बमोजिम गठित स्तर निर्धारण समितिमा पेश गर्नुपर्नेछ र त्यस्तो समितिले होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार तथा पार्टी प्यालेसको स्थलगत निरीक्षण गरे पश्चात वर्गीकरण गरी स्तर निर्धारण गर्नेछ।

(३) समितिले नियम २८ बमोजिम गरिएको वर्गीकरणको आधारमा मन्त्रालयलाई सिफारिस गर्नेछ ।

२१. <u>इजाजतपत्र दिने:</u> (१) नियम २० को उपनियम (३) बमोजिम स्तर निर्धारण समितिले सिफारिस गरे बमोजिमको स्तर निर्धारण वा वर्गीकरणका आधारमा दर्ता गर्न अनुसूची-१३ मा उल्लेख भए अनुसारको इजाजत दस्तुर सम्बन्धित होटल व्यवसायीलाई बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी दर्ता किताबमा सो कुरा जनाई अनुसूची-६ बमोजिमको ढाँचामा तीन वर्षका लागि मन्त्रालयले इजाजतपत्र दिनेछ ।

(२) यस नियमावली वमोजिम प्रदान गरिएको इजाजतपत्र हराए वा नासिएमा प्रतिलिपी पाउनको लागि होटल व्यवसायीले मन्त्रालय समक्ष दरखास्त दिनुपर्नेछ र दरखास्त मनासिव देखिएमा दुई हजार रुँपैया दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी मन्त्रालयले इजाजतपत्रको प्रतिलिपी दिनेछ।

२२. <u>स्तर निर्धारण समितिको गठन:</u> (१) नियम २० बमोजिम प्रदेशमा दर्ता गरिने होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसलाई त्यसमा रहेको सुविधाको आधारमा स्तर निर्धारण र वर्गीकरण गरी मन्त्रालयमा सिफारिस गर्नका लागि गठन हुने स्तर निर्धारण समितिमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरु रहनेछन:-

(क) महाशाखा प्रमुख, औद्योगिक तथा पर्यटन प्रवर्द्धन महाशाखा -अध्यक्ष

(ख) भौतिक तथा पूर्वाधार विकास मन्त्रालयको इन्जिनियर प्रतिनिधी -सदस्य

(ग) होटल व्यसायीमध्येबाट प्रदेशस्तरीय होटल व्यवसायी संघले सिफारिश गरेको एक महिला सहित दुई जना -सदस्य

(घ) शाखा प्रमुख, पर्यटन विकास शाखा -सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुको पदावधि दुई बर्षको हुनेछ र निजहरुलाई एक पटकका लागि पुन: मनोनयन गर्न सकिनेछ ।

(३) उपनियम (१) को खण्ड (ग) बमोजिमका सदस्यहरुलाई सम्भव भएसम्म प्रदेश स्तरीय होटल व्यवसायी संघको परामर्शमा मन्त्रालयले मनोनयन गर्नेछ ।

(४) उपनियम (३) बमोजिम होटल व्यवसायी संघले कम्तिमा पाँच वर्षदेखी होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेस व्यवसायमा काम गरेकालाई सदस्यको रुपमा मनोनयन गर्नुपर्नेछ।

सञ्जीव कुमार राई
सचिव

(५) उपनियम (१) बमोजिमको समितिमा आवश्यकता अनुसार विषयगत विशेषज्ञको रुपमा सम्बन्धित क्षेत्रको विशेषज्ञलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

२३. <u>स्तर निर्धारण समितिको काम, कर्तब्य र अधिकार:</u> (१) स्तर निर्धारण समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रदेशमा दर्ता गरिने होटल वा लज वा रेष्टुरॉं वा रिसोर्ट वा बार वा पार्टी प्यालेस सञ्चालनको लागि मापदण्ड तयार गरी मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ख) निर्धारित मापदण्डका आधारमा प्रदेशमा दर्ता गरिने होटल, लज, रेष्टुरॉं, रिसोर्ट, बार तथा पार्टी प्यालेसको स्तर निर्धारण गर्ने वा वर्गीकरण गरी मन्त्रालयमा सिफारिस गर्ने,

(ग) ऐनलाई समसामयिक रुपमा सुधार गर्न प्रदेश सरकारलाई आवश्यक राय सुझाव दिने,

(घ) रोजगारी तथा उत्पादकत्व वृद्धि गर्न मन्त्रालय, होटल व्यवसायी तथा ट्रेड युनियनसँग आवश्यक समन्वय गर्ने,

(ङ) मन्त्रालयले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

२४. <u>स्तर निर्धारण समितिको सदस्यको पद रिक्त हुने:</u> (१) नियम २२ को उपनियम (१) को खण्ड (ग) बमोजिमका सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछ:-

(क) निजले अध्यक्ष मार्फत मन्त्रालय समक्ष लिखित रुपमा राजिनामा दिएमा,

(ख) निजको कार्यकाल समाप्त भएमा,

(ग) निजको मृत्यु भएमा,

(घ) प्रचलित ऐन, कानून बमोजिम कार्य नगरेमा,

(ङ) निजको मानसिक अवस्था ठीक नभएमा,

(च) प्रचलित कानून बमोजिम अयोग्य ठहरिएमा वा

(छ) ऐन र यस नियम बमोजिम कार्यसम्पादन नभएको ठहर गरी मन्त्रालयले पदमुक्त गरेमा ।

(२) नियम २४ को उपनियम (१) को खण्ड (घ) र (छ) बमोजिम समितिको सदस्यलाई पदमुक्त गर्नुअघि निजलाई सफाइको मनासिब मौका दिनु पर्नेछ ।

(३) नियम २२ को उपनियम (१) को खण्ड (ग) बमोजिम समितिको कुनै सदस्यको पद रिक्त भएमा त्यस्तो पदमा अर्को व्यक्तिलाई सदस्य मनोनयन गर्दा जुन क्षेत्रबाट त्यस्तो सदस्य मनोनयन गरिएको हो सोही प्रक्रिया अपनाई मनोनयन गर्नुपर्नेछ ।

२५. <u>स्तर निर्धारण समितिको बैठक सम्बन्धी ब्यवस्था:</u> (१) समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले तोकेको मिति, स्थान र समयमा बस्नेछ ।

(२) समितिको कुल सदस्य संख्याको कम्तीमा पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

राजीव कुमार खड्का
सचिव

प्रमुख सचिव

(३) समितिको निर्णय सर्वसम्मतिको आधारमा गरिनेछ तर सर्वसम्मति कायम हुन नसकेमा समितिका सदस्यको बहुमतबाट निर्णय हुनेछ ।

(४) समितिको बैठकको निर्णयको अभिलेख छुट्टै माइन्युट बुक तयार गरी राखिनेछ र बैठकको निर्णय समितिको अध्यक्षले प्रमाणित गर्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२६. <u>स्तर निर्धारण समितिको अध्यक्ष र सदस्यको सुविधा:</u> (१) अध्यक्ष र सदस्यले बैठकमा भाग लिए वापत प्रदेश कानून बमोजिम बैठक भत्ता पाउनेछ र सदस्यले सवारी साधनबाट यात्रा गरेकोमा गाडी भाडाको दोब्बर रकम पाउनेछ।

(२) स्तर निर्धारण समितिले स्थलगत निरीक्षण गर्दा बढीमा पाँच दिनको दैनिक तथा भ्रमण खर्च पाउनेछन् ।

२७. <u>होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसको स्तर नवीकरण गर्ने:</u> (१) प्रदेश सरकारले यस नियमावली बमोजिम स्तर निर्धारण वा वर्गीकरण गरिएका प्रत्येक होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसमा हुनुपर्ने सुविधाका बारेमा प्रत्येक तीन वर्षमा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी मापदण्ड हेरफेर गर्न सक्नेछ । स्तर निर्धारण वा वर्गीकरण गरिएका प्रत्येक होटल वा लज वा रेष्टुराँ वा रिसोर्ट वा बार वा पार्टी प्यालेसले त्यसरी हेरफेर गरिएको मापदण्ड अनुसार सेवा सुविधा उपलब्ध गराएको विषयमा मन्त्रालयमा स्तर वा वर्गीकरणको नवीकरण गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम नवीकरण गराउनको लागि स्तर निर्धारण वा वर्गीकरण गरिएको तीन वर्ष अवधि समाप्त हुनु अगावै मन्त्रालयमा दरखास्त दिनुपर्नेछ।

(३) उपनियम (२) बमोजिम प्राप्त दरखास्त स्तर निर्धारण समितिमा पेश भएमा स्तर निर्धारण समितिले अनुगमन तथा मूल्याङ्कन गर्दा स्तर कायम गरी नवीकरण गर्न उपयुक्त देखेमा मन्त्रालय समक्ष सिफारिस गर्नेछ र त्यसरी सिफारिस प्राप्त भएमा अनुसूची-१३ मा तोकिए बमोजिमको नवीकरण दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी अर्को तीन वर्ष अवधिका लागि मन्त्रालयले नवीकरण गर्नेछ ।

(४) स्तर निर्धारण समितिले स्तर नवीकरण गर्न उपयुक्त नभएको भनी सिफारिस गरेमा त्यस्तो होटल व्यवसाय स्वतः खारेज हुनेछ ।

२८. <u>होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार तथा पार्टी प्यालेसको वर्गीकरण:</u> (१) नियम २२ बमोजिम गठित स्तर निर्धारण समितिले पर्यटकस्तरको होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार तथा पार्टी प्यालेसका रुपमा दर्ता गरिने होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार तथा पार्टी प्यालेसलाई त्यसमा रहेको सुविधाको आधारमा पर्यटक स्तरको होटल तथा लज वा पर्यटक स्तरको रेष्टुराँ, रिसोर्ट तथा बार र पार्टी प्यालेस मध्ये कुनै एकमा वर्गीकरण गर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश सरकारले निर्धारण गरेको होटल व्यवसायको मापदण्ड बमोजिम वर्गीकरण गरी होटल व्यवसाय दर्ता गर्न सकिनेछ।

राजीव कुमार राई
सचिव

(३) प्रदेश सरकारले होटल व्यवसायको बर्गीकरण र मापदण्ड निर्धारण नगरेसम्म नेपाल सरकारले जारी गरेको होटल व्यवसायको मापदण्ड बमोजिम होटल व्यवसाय दर्ता गर्न सकिनेछ।

२९. <u>पर्यटक स्तरको होटल तथा लजमा हुनुपर्ने सुविधाः</u> पर्यटक स्तरको होटल घटीमा देहाय बमोजिमको सुविधायुक्त हुनुपर्नेछः-

(क) सुत्ने कोठा कम्तिमा दशवटा हुनुपर्ने र ती सबैमा पर्याप्त प्राकृतिक प्रकाश आउन सक्ने र हावा चल्ने हुनुपर्ने । तर इलाम, धनकुटा र उदयपुर जिल्लामा कम्तिमा दशवटा र अन्य पहाडी तथा हिमाली जिल्लाका हकमा कम्तिमा पाँचवटा कोठा हुनुपर्ने ।

(ख) कम्तिमा पचास प्रतिशत कोठाको साथमा स्नानागार तथा शौचालय (बाथरुम) संलग्न हुनुपर्ने र अन्य प्रत्येक दुई कोठाको निमित्त एकको हिसावले आधारभूत सामग्री सहितको स्नानागार तथा शौचालय हुनुपर्ने ।

(ग) सबै कोठामा आधुनिक फर्निचर र चौविसै घण्टा बिजुलीको राम्रो प्रवन्ध हुनुपर्ने ।

तर स्थानीय फर्निचरको प्रयोग गरी मौलिक कला र संस्कृतिको पहिचान झल्कने फर्निचर भएमा कुनै फरक नपर्ने ।

(घ) सबै कोठा नेपाली तथा प्रदेश नम्वर एकको मौलिक कला र संस्कृति झल्काउने किसिमले सजाइएको हुनुपर्ने ।

(ङ) स्नानागार र शौचालयमा राम्रा र बलिया साधन जडिएको र पर्याप्त मात्रामा तातो र चिसो पानीको प्रवन्ध हुनुपर्ने ।

(च) स्वागत कक्ष (रिसेप्सन काउन्टर) राम्रोसँग सजाइएको, मूल्यसूची राखिएको र टेलिफोनयुक्त हुनुपर्ने ।

(छ) भोजन गर्ने कोठा (डाइनिङ हल) र भान्छा कोठा अलग अलग राखी आवश्यक सामान सहित सफा सुग्घर हुनुपर्ने ।

(ज) लुगा धुने राम्रो प्रवन्ध हुनुपर्ने ।

(झ) होटल व्यवसायमा अनुभवी र अंग्रेजी वा पर्यटकको भाषा बुझ्न र बोल्न सक्ने आवश्यक संख्यामा कर्मचारी हुनुपर्ने ।

(ञ) कर्मचारीको पोशाक सफा सुग्घर र समान प्रकारको हुनुपर्ने ।

(ट) ऋतु अनुसार पंखा वा हिटरको व्यवस्था हुनुपर्ने ।

(ठ) प्राथमिक उपचार (फस्ट एड) र आगो निभाउने यन्त्र (फायर फाइटिङ इक्यूपमेन्ट) को प्रवन्ध हुनुपर्ने ।

(ड) तिब्र गतिको इन्टरनेट सुविधा सबै कोठामा सबै समयमा पर्याप्त उपलब्ध हुनुपर्ने ।

(ढ) पर्याप्त पार्किङ्गको सुविधा भएको ।

(ण) मन्त्रालयले समय समयमा तोके अनुसारको थप प्रवन्ध गर्नुपर्ने ।



सन्जीव कुमार राई
सचिव

३०. <u>रेष्टुराँ, रिसोर्ट तथा बारमा हुनुपर्ने सुविधाः</u> पर्यटक स्तरको रेष्टुराँ तथा रिसोर्टमा घटीमा देहाय बमोजिमको सुविधायुक्त हुनुपर्नेछः-

(क) परम्परागत नेपाली परिकार सहित अन्य विदेशी खानपिनको व्यवस्था हुनुपर्ने ।

(ख) स्वच्छ र स्वस्थकर पिउने पानीको व्यवस्था हुनुपर्ने ।

(ग) महिला र पुरुषको निमित्त रुमाल, साबुन लगायत शौचालयमा आवश्यक पर्ने अन्य सम्पूर्ण सामाग्री सहितको छुट्टा छुट्टै शौचालयको प्रवन्ध हुनुपर्ने ।

(घ) एकै समयमा कम्तिमा बीस जना व्यक्ति सँगै बसेर खान सक्ने व्यवस्था हुनुपर्ने।

(ङ) धुँइचो नहुने किसिमको फराकिलो कोठा वा त्यस अनुरुप बस्ने व्यवस्था हुनुपर्ने ।

(च) पर्याप्त पार्किङ्गको व्यवस्था भएको हुनुपर्ने ।

(छ) फर्निचर लगायतका अन्य सामग्री सफासुग्घर तथा स्तरयुक्त हुनुपर्ने ।

(ज) कर्मचारीको पोशाक सफा सुग्घर र समान प्रकृतिको हुनुपर्ने ।

(झ) ऋतु अनुसार पंखा वा हिटरको प्रबन्ध हुनुपर्ने ।

(ञ) प्राथमिक उपचार (फस्ट एड) र आगो निभाउने यन्त्र (फायर फाइटिङ इक्यूपमेन्ट) को प्रवन्ध हुनुपर्ने ।

(ट) टेलिफोन तथा तिब्र गतिको इन्टरनेटको सुविधा उपलब्ध हुनुपर्ने ।

(ठ) भोजन गर्ने कोठा (डाइनिङ हल) र भान्छा कोठा अलग अलग राखी आवश्यक सामान सहित सफा सुग्घर हुनुपर्ने

(ड) रिसोर्टमा रहेका सबै कोठामा पर्याप्त प्राकृतिक प्रकाश आउन सक्ने र हावा चल्ने हुनुपर्ने र सबै कोठा नेपाली तथा प्रदेश नम्बर एकको मौलिक कला र संस्कृति झल्काउने किसिमले सजाइएको हुनुपर्ने ।

(ढ) पर्याप्त मात्रामा तातो र चिसो पानीको प्रवन्ध हुनुपर्ने ।

(ण) रिसेप्सनमा मूल्यसूची सबैले देख्ने गरी प्रष्ट रुपमा राखिएको हुनुपर्ने ।

(त) होटल व्यवसायमा अनुभवी र अंग्रेजी भाषा बोल्न सक्ने आवश्यक संख्यामा कर्मचारी हुनुपर्ने।

(थ) मन्त्रालयले समय समयमा तोके अनुसारको थप व्यवस्था गर्नुपर्ने ।

३१. <u>पार्टी प्यालेसमा हुनुपर्ने सुविधाः</u> पर्यटक स्तरको पार्टी प्यालेसमा घटीमा देहाय बमोजिमको सुविधायुक्त हुनुपर्नेछः-

(क) एकै समयमा कम्तिमा एकसयजना बस्न मिल्ने गरी राखिएको आधुनिक फर्निचर र पचास जना व्यक्ति बसी एकैपटक खान सक्ने डाइनिङ हलको व्यवस्था हुनुपर्ने ।

(ख) आवश्यकता अनुसार महिला र पुरुषका लागि छुट्टा छुट्टै सुविधा सम्पन्न शौचालय र बाथरुमको व्यवस्था हुनुपर्ने ।

(ग) चौबिसै घण्टा बिजुलीको राम्रो प्रवन्ध हुनुपर्ने ।

(घ) सबै कोठा नेपाली तथा प्रदेश नम्बर एकको मौलिक कला र संस्कृति झल्काउने किसिमले सजाइएको हुनुपर्ने ।

(ङ) पर्याप्त मात्रामा तातो र चिसो पानीको प्रवन्ध हुनुपर्ने ।

(च) स्वागत कक्ष (रिसेप्सन काउन्टर) राम्रोसँग सजाइएको, मूल्यसूची राखिएको र टेलिफोनयुक्त हुनुपर्ने ।

(छ) भोजन गर्ने कोठा (डाइनिङ हल) र भान्छा कोठा अलग अलग राखी आवश्यक सामान सहित सफा सुग्घर हुनुपर्ने ।

(ज) होटल व्यवसायमा अनुभवी र अंग्रेजी वा पर्यटकले बुझ्न र बोल्न सक्ने आवश्यक संख्यामा कर्मचारी हुनुपर्ने ।

(झ) कर्मचारीको पोशाक सफा सुग्घर र एकनासको हुनुपर्ने ।

(ञ) कम्तिमा पचास जना बस्ने मिल्ने गरीको साउण्ड सिस्टम र प्रोजेक्टर जडित सेमिनार हल ।

(ट) ऋतु अनुसार पंखा वा हिटरको प्रबन्ध हुनुपर्ने ।

(ठ) प्राथमिक उपचार (फस्ट एड) र आगो निभाउने यन्त्र (फायर फाइटिङ इक्यूपमेन्ट) को प्रवन्ध हुनुपर्ने ।

(ड) तिब्र गतिको इन्टरनेट सुविधा सबै हलमा सबै समयमा पर्याप्त उपलब्ध हुनुपर्ने ।

(ढ) पर्याप्त पार्किङ्गको व्यवस्था भएको ।

(ण) मन्त्रालयले समय समयमा तोके अनुसारको थप आवश्यक व्यवस्था गर्नुपर्ने ।

३२. फरक दस्तुर तिर्नुपर्ने: होटल व्यवसायीले एकभन्दा बढी वर्गीकरणमा पर्ने गरी पर्यटक स्तरको होटल तथा लज, रेष्टुराँ तथा रिसोर्ट र पार्टी प्यालेसमा दर्ता गराउन चाहेमा अनुसूची -१३ मा तोकिए बमोजिमको फरक फरक दस्तुर लाग्नेछ ।

३३. कामदारलाई दिनुपर्ने पारिश्रमिक दर: होटल व्यवसायीले होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार तथा पार्टी प्यालेसमा काम गर्ने कामदारका लागि प्रचलित कानून बमोजिम न्यूनतम पारिश्रमिक प्रदान गर्नुपर्नेछ ।

३४. होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार तथा पार्टी प्यालेसको विवरण हेरफेर सम्वन्धी व्यवस्था: (१) इजाजत प्राप्त होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार तथा पार्टी प्यालेसको साविकको नाम वा ठेगाना परिवर्तन भएमा परिवर्तन भएको मितिले तीस दिन भित्रमा मन्त्रालयमा सूचना दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएमा मन्त्रालयले विवरण परिवर्तन भएको व्यहोरा अभिलेखमा जनाउनुपर्नेछ ।

३५. होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार तथा पार्टी प्यालेसको शेयरधनी परिवर्तन सम्वन्धी व्यवस्था: (१) इजाजतप्राप्त होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार तथा पार्टी प्यालेसको साविकको शेयरधनी परिवर्तन भएमा परिवर्तन भएको मितिले तीस दिन भित्रमा मन्त्रालयमा सूचना दिनु पर्नेछ ।



राजीव कुमार राई
सचिव

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त भएमा मन्त्रालयले शेयरधनी परिवर्तन भएको व्यहोरा अभिलेखमा जनाउनुपर्नेछ।

३६. <u>बैंक ग्यारेन्टी परिवर्तन वा फुकुवा गर्ने:</u> (१) इजाजत होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार तथा पार्टी प्यालेसले राखेको बैंक ग्यारेन्टी परिवर्तन वा फुकुवा गर्नु पर्ने भएमा कारण खोली दरखास्त दस्तुर वापत एकसय रुपैयाँ सहित मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा मन्त्रालयले आवश्यक जाँचबुझ गर्दा बैंक ग्यारेन्टी परिवर्तन वा फुकुवा गर्न उपयुक्त देखेमा आवश्यक निर्णय गर्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा बाहेक अन्य अवस्थामा इजाजत लिदाका बखत पेश गरेको बैंक ग्यारेन्टी परिवर्तन वा फुकुवा गरिने छैन:

(क) इजाजतपत्र खारेज वा रद्द वा पर्यटन विकास ऐन र नियमावलीको प्रावधान बमोजिम इजाजतपत्र स्वतः रद्द भएमा वा,

(ख) कम्पनी वा फर्मको दर्ता खारेज भएमा वा,

(ग) होटल व्यवसाय संचालन गर्ने उद्देश्य परिवर्तन वा खारेज भएमा वा,

(घ) शेयरधनी परिवर्तन भई होटल व्यवसायीको दायित्व र शेयरमा परिवर्तन भएमा वा,

(ङ) बैंक ग्यारेण्टीको म्याद समाप्त भएमा वा,

(च) जमानत राखेको बैंक कुनै कारणले असुरक्षित भई जमानत असुल उपर हुन कठिन हुने अवस्था भएमा ।

३७. <u>सवारी साधनमा भन्सार सुविधाको लागि सिफारिस गर्ने:</u> (१) प्रत्येक आर्थिक वर्षको बजेट वक्तव्य तथा आर्थिक ऐनमा उल्लेख भए अनुसार स्तर निर्धारण भएका होटल व्यवसायीले पाहुनालाई सुविधा पुर्‍याउने उद्देश्यले भन्सार सुविधामा आर्थिक ऐनले तोकेको संख्या र किसिमका सवारी साधन आयात गर्नका लागि सिफारिस प्राप्त गर्न चाहेमा दरखास्त दस्तुर वापत एकसय रुपैयाँ सहित मन्त्रालय समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त दरखास्त प्राप्त भएमा देहायका मापदण्ड पुरा गरेका होटल व्यवसायीलाई सिफारिस दस्तुर वापत पाँचसय रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचार राखी मन्त्रालयले सम्वन्धित निकायमा सवारी साधनमा भन्सार सुविधाका लागि सिफारिस गर्नेछ ।

(क) इजाजत लिएको दुई वर्ष भुक्तान भएको हुनुपर्ने,

(ख) उजुरी परी कारवाहीमा नपरेको हुनुपर्ने,

(ग) तीन आर्थिक बर्षमा आर्जन गरेको विदेशी मुद्राको कूल अंकको पचास प्रतिशतले हुन आउने रकम बराबरले आर्थिक ऐनमा तोके बमोजिमका सवारी साधन भन्सार सुविधामा आयात गर्न सक्नेछ,

(घ) यस अघि भन्सार सुविधामा सवारी साधन झिकाएको भए आर्थिक ऐनले तोके बमोजिमको अवधि व्यतित भैसकेको हुनुपर्नेछ,



सन्जीव कुमार राई
सचिव

(ङ) भन्सार सुविधामा झिकाइएको सवारी साधनको बाहिर पट्टि सम्बन्धित होटल व्यवसायीको नाम लेखिएको हुनुपर्नेछ ,

(च) उक्त सवारी साधन प्रचलित आर्थिक ऐनले तोकेको अवधिसम्म निजि सवारीको रुपमा दर्ता गर्न वा नामसारी गर्न पाइने छैन ।

३८. सवारी साधन पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न सिफारिस गर्ने: (१) प्रदेशको प्रचलित कानूनले तोकेको मापदण्ड पूरा गरेका होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार तथा पार्टी प्यालेसले आफ्नो नाममा भएका सवारी साधनलाई पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न चाहेमा दरखास्त दस्तुर बापत एकसय रुपैयाँ सहित मन्त्रालय समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त दरखास्तका आधारमा मन्त्रालयले होटल व्यवसायीको नाममा भएको सवारी साधनलाई पर्यटक नम्बर प्लेटमा परिवर्तन गर्न उपयुक्त देखेमा सिफारिस दस्तुर बापत पाँचसय रुपैयाँ बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी मन्त्रालयले सम्बन्धित निकायमा सिफारिस गर्नेछ ।

३९. वाकीटकी वा अन्य रेडियो यन्त्रको सिफारिस गर्ने: (१) होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार तथा पार्टी प्यालेसले व्यवसाय संचालन गर्न इजाजत लिएका होटल व्यवसायीले आफ्नो आन्तरिक प्रयोजनको लागि वाकीटकी वा अन्य रेडियो यन्त्र खरीद तथा प्रयोग गर्नका लागि लाइसेन्स प्राप्त गर्न सम्बन्धित निकायमा सिफारिस प्राप्त गर्न एक सय रुपैयाँ दरखास्त दस्तुर सहित मन्त्रालयमा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त प्राप्त भएपछि मन्त्रालयले जाँचबुझ गरी उपयुक्त देखेमा वाकीटकी वा अन्य रेडियो यन्त्र खरीद तथा प्रयोग गर्नको लागि पाँचसय रुपैया बैंकमा जम्मा गर्न लगाई सम्बन्धित होटल व्यवसायीलाई लाइसेन्स प्राप्त गर्न सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

४०. रकम असूल गराई दिन सक्ने: (१) कुनै कामदारले कुनै होटल व्यवसायीसँग लिन बाँकी रहेको पारिश्रमिक भराई पाउन मन्त्रालय समक्ष दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मनासिव देखिएमा मन्त्रालयले त्यस्तो होटल व्यवसायीका नाममा निर्देशन जारी गर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्देशन जारी भएमा सम्बन्धित होटल व्यवसायीले आफूले तिर्नु बुझाउनु पर्ने पारिश्रमिक सम्बन्धित व्यक्तिलाई पैतिस दिन भित्रमा बुझाइसक्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको अवधिमा होटल व्यवसायीले मन्त्रालयले दिएको निर्देशन पालना नगरेमा मन्त्रालयले इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम मन्त्रालयले इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित होटल व्यवसायीलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

४१. व्यवसाय वा कारोबार बन्द गर्नु पर्दा सूचना दिनुपर्ने: (१) इजाजतप्राप्त होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार तथा पार्टी प्यालेसले स्वेच्छाले वा अन्य कुनै कारणले व्यवसाय तथा कारोबार बन्द गर्नु परेमा कारण खोली त्यस्तो व्यवसाय बन्द गरेको मितिले तीस दिन भित्रमा मन्त्रालयमा सूचना दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि इजाजत प्राप्त होटल, लज, रेष्टुँरा, रिसोर्ट, बार तथा पार्टी प्यालेस बन्द भएको व्यहोरा मन्त्रालयले अभिलेखमा जनाउनु पर्नेछ ।

तर त्यसरी व्यवसाय वा कारोबार बन्द गरेपछि होटल व्यवसायीले तिर्नु बुझाउनु पर्ने रकम नबुझाएको भनी मन्त्रालयमा कसैको उजुरी पर्न आएमा प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम कारवाही हुनेछ ।

४२. <u>मूल्यसूची प्रकाशित गर्नुपर्ने</u>: (१) ऐनको दफा १२ तथा यस नियमावलीको नियम २१ बमोजिम इजाजत लिएका प्रत्येक होटल व्यवसायीले मन्त्रालयमा पठाउने आफ्नो दर वा मूल्यसूची आफ्नो व्यवसाय रहेको स्थानमा ठूला अक्षरले नेपाली तथा अंग्रेजी दुवै भाषामा लेखी सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ ।

(२) अनुगमन तथा निरिक्षणका क्रममा मूल्यसूची नराखेको पाइएमा एक पटकका लागि राख्न लगाउन निर्देशन दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिमको निर्देशन पालना नगरेमा मन्त्रालयले इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम मन्त्रालयले इजाजतपत्र खारेज गर्नु अघि सम्वन्धित होटल व्यवसायीलाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

४३. <u>होमस्टे दर्ता तथा संचालन सम्वन्धी व्यवस्था</u>: व्यक्तिगत वा सामूहिक रुपमा प्रदेशमा होमस्टे संचालन गर्न चाहने व्यवसायीका गतिविधिको नियमन सम्वन्धी सम्पूर्ण व्यवस्था प्रदेशको होमस्टे सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि अनुसार हुनेछ ।

## परिच्छेद -४

## <u>पथप्रदर्शक सम्वन्धी व्यवस्था</u>

४४. <u>पथ प्रदर्शक (गाइड) को इजाजतपत्र लिन चाहने व्यक्तिले दरखास्त दिनुपर्ने</u>: (१) पथ प्रदर्शकको काम गर्न इजाजत एवं परिचय पत्र लिन चाहने व्यक्तिले दरखास्त दस्तुर एकसय रुपैयाँ सहित अनुसूची-७ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न गरी कार्यालय समक्ष दरखास्त दिनुपर्नेछ:-

(क) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानद्वारा मान्यताप्राप्त तालिमको प्रमाणपत्रको प्रतिलिपी,

(ख) प्रदेश सरकारको कुनै निकायले तालिम संचालन गरे त्यस्तो तालिमको प्रमाणपत्रको प्रतिलिपी,

(ग) नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र तीन प्रति फोटो,

(घ) टुर गाइडको लागि कम्तिमा प्रविणता प्रमाणपत्र वा सो सरहको तह उत्तीर्ण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(घ) अंग्रेजी बाहेक अन्य भाषा उल्लेख गर्नुपर्ने अवस्थामा सोको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।



सञ्जीत कुमार राई
सचिव

(२) उपनियम (१) बमोजिम इजाजत वा परिचय पत्रको लागि दरखास्त प्राप्त भएमा सम्बन्धित कार्यालयले त्यस्तो दरखास्त उपर आवश्यक जाँचवुझ गर्नेछ र जाँचवुझ गर्दा ऐनको दफा २० को अधिनमा रही दरखास्तवालालाई निजको कामको प्रकृति समेतका आधारमा आवश्यक शर्त समेत तोकी अनुसूची-१३ बमोजिमको दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी अनुसूची-८ बमोजिमको ढाँचामा तीन वर्षको लागि इजाजतपत्र दिनु पर्नेछ ।

४५. <u>पथ प्रदर्शकले पाउने पारिश्रमिक:</u> पथ प्रदर्शकले पथ प्रदर्शन गराए वापत पाउने न्यूनतम पारिश्रमिक इजाजतपत्रमा उल्लेख गरिए बमोजिम हुनेछ ।

४६. <u>इजाजत पत्रको नवीकरण गर्ने:</u> (१) पथ प्रदर्शकको इजाजत प्राप्त व्यक्तिले इजाजत पत्रको म्याद समाप्त हुनुभन्दा तीन महिना अघि इजाजत पत्र नवीकरण गर्न सम्बन्धित कार्यालय समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएपछि सम्बन्धित कार्यालयले आवश्यक जाँचवुझ गरी अनुसूची-१३ मा तोकिए बमोजिमको नवीकरण दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी अर्को तीन वर्षको लागि नवीकरण गरिदिनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम इजाजत पत्र नवीकरण गर्ने म्याद नाघेपछि इजाजत पत्रको नवीकरण गर्नको लागि दरखास्त दिएमा देहायको अवधिको निमित्त नवीकरण दस्तुरको अतिरिक्त देहाय बमोजिमको थप दस्तुर लिई सम्बन्धित कार्यालयले नवीकरण गरिदिन सक्नेछ:

(क) इजाजत पत्रको नवीकरण गर्ने म्याद नाघेको तीनदेखि छ महिनासम्म तीनसय रुपैयाँ ।

(ख) इजाजत पत्रको नवीकरण गर्ने म्याद नाघेको सात महिना देखि एक बर्ष सम्मको लागि पाँचसय रुपैयाँ ।

(ग) एक बर्षभन्दा बढी अवधि भुक्तान भएको भए प्रत्येक बर्षका लागि पाँचसय रुपैयाँ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि इजाजत पत्रको नवीकरण गर्ने म्याद एक बर्षभन्दा कम बाँकी रहेको अवस्थामा नवीकरण गर्न सकिनेछ ।

४७. <u>पथ प्रदर्शकको वर्गीकरण:</u> पथ प्रदर्शकको वर्गीकरण मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिम हुनेछ।

४८. <u>इजाजत पत्र हराएमा नयाँ इजाजत पत्र दिने:</u> (१) यस नियमावली बमोजिम प्रदान गरिएको इजाजतपत्र वा प्रमाणपत्र हराए वा नासिएमा प्रतिलिपी पाउनको लागि कारण खोली इजाजतप्राप्त ब्यक्तिले सम्बन्धित कार्यालय समक्ष दरखास्त दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको दरखास्त मनासिव देखिएमा सम्बन्धित कार्यालयले पाँचसय रुपैया बैंकमा जम्मा गर्न लगाइ सोको सक्कल भौचर राखी इजाजतपत्रको प्रतिलिपी दिनुपर्नेछ।

४९. <u>इजाजत पत्र खारेज गर्न सकिने:</u> ऐनको दफा २५ को उपदफा (१) मा उल्लेखित अवस्थामा सम्बन्धित कार्यालयले पथ प्रदर्शक इजाजत पत्र खारेज गर्न सक्नेछ ।



सचिव

५०. <u>पथ प्रदर्शकले आफ्नो अनुभवको जानकारी दिनुपर्ने:</u> पथ प्रदर्शकले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिन भित्रमा पर्यटकको सम्बन्धमा आफ्नो अनुभवको जानकारी लिखित रुपमा सम्बन्धित कार्यालय समक्ष पेश गर्नुपर्नेछ र सम्वन्धित कार्यालयले सोको जानकारी मन्त्रालयलाई गराउनु पर्नेछ ।

## परिच्छेद -५

## <u>जलयात्रा सम्बन्धी व्यवस्था</u>

५१. <u>व्यवसाय दर्ताको लागि अनुमती लिनुपर्ने:</u> (१) यस नियमावली बमोजिम इजाजतपत्र नलिई कसैले पनि जंलयात्रा व्यवसाय संचालन गर्न हुँदैन ।

(२) जलयात्रा व्यवसाय संचालन गर्न चाहने जलयात्रा व्यवसायीले व्यवसाय इजाजतत्रको लागि सुरक्षात्मक उपकरण तथा सामाग्रीको विवरण सहित देहायको कागजात संलग्न गरी एक सय रुपैयाँ दरखास्त दस्तुर सहित अनुसूची-९ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनुपर्नेछ।

(क) कम्पनी दर्ताको प्रमाणपत्र र कम्पनीको नियमावली र प्रवन्ध पत्रको प्रतिलिपी,

(ख) दक्ष जनशक्ति रहेको प्रमाणित गर्ने नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानद्वारा प्रदान गरिएको तालीमको प्रमाणपत्रको प्रतिलिपी,

(ग) संचालकको व्यक्तिगत विवरण र नागरिकताको प्रमाणित प्रतिलिपी तथा तीन प्रति फोटो,

(घ) संचालक उपस्थित भै गरेको शर्त सम्बन्धी कागजात र एकभन्दा बढी संचालक भएको अवस्थामा ती मध्ये कुनै एक जना संचालकलाई शेयरधनीको निर्णयानुसार अख्तियारी दिएको भए त्यस्तो कागजातको प्रतिलिपी,

(ङ) न्यूनतम् सामग्रीको रुपमा दुईवटा जलयात्राका साधन (डुङ्गा), लाइफ ज्याकेट, हेलमेट र मन्त्रालयबाट अनुमति प्राप्त रिभर गाइड रहेको,

(च) कार्यालय प्रयोजनका लागि घरभाडामा लिएको भए संझौताको प्रमाणित प्रतिलिपी वा आफ्नै घरमा संचालन गर्ने भएमा घरको नक्सा र जग्गा धनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपी र लोकेशन म्याप,

(छ) सम्बन्धित स्थानीय तहको व्यवसाय दर्ता सिफारिस पत्र,

(ज) स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(झ) शेयर धनी भए शेयर धनी संख्या तथा लगत खुलेको विवरण,

(ञ) सुरक्षात्मक उपकरण तथा सामग्रीहरु मन्त्रालयले तोकेको गुणस्तर बमोजिम भए नभएको बारे नियम ५२ बमोजिमको जाँचबुझ समितिबाट प्रयोगात्मक परीक्षण गराएको प्रतिवेदन,

(ट) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन।

(३) नियम ५२ बमोजिमको समितिले मन्त्रालयमा गरेको सिफारिसका आधारमा मन्त्रालयले मन्त्रिपरिषदमा उक्त सिफारिस सहित प्रस्ताव पेश गर्न देहाय बमोजिमको थप कागजात माग्नु पर्नेछ:

(क) उद्योग दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

(ख) मन्त्रालयको नाममा जारी गरिएको दश लाख बराबरको तीन वर्ष अवधिको बैंक ग्यारेन्टि,

(ग) कम्पनीको हकमा कम्तिमा पन्ध्र लाख चुक्ता पूँजी खुल्ने शेयर लगत किताव र फर्मको हकमा कम्तिमा सात लाख पचास हजार जायजेथा भएको कागज प्रमाण।

५२. <u>जाँचबुझ समितिको गठन:</u> (१) नियम ५१ को उपनियम (२) बमोजिम प्राप्त दरखास्त र दरखास्तसाथ संलग्न कागजातको जाँचबुझ गरी मन्त्रालयमा सिफारिस गर्न देहाय बमोजिमको एक जाँचबुझ समिति रहनेछ:

| | |
|---|---|
| (क) अधिकृत स्तर नवौं तह, पर्यटन तथा औद्योगिक प्रवर्द्धन महाशाखा प्रमुख | संयोजक |
| (ख) प्रतिनिधि, पर्यटक प्रहरी | सदस्य |
| (ग) सम्बन्धित विषयको प्राविधिक (Mechanical Engineer) प्रतिनिधी | सदस्य |
| (घ) विशेषज्ञ, रिभर गाइड | सदस्य |
| (ङ) शाखा प्रमुख, पर्यटन प्रवर्द्धन शाखा | सदस्य सचिव |

(२) उपनियम (१) बमोजिमको समितिले कागजातको जाँचबुझ गरी पन्ध्र दिन भित्रमा मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

५३. <u>इजाजतपत्र दिने:</u> (१) नियम ५१ बमोजिम इजाजतपत्रको लागि दरखास्त प्राप्त भई मन्त्रालयले मन्त्रिपरिषदमा पेश गर्दा मन्त्रिपरिषदले इजाजत दिने निर्णय गरेमा अनुसूची-१३ मा तोकिए बमोजिमको इजाजतपत्र दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर संलग्न राखी अनुसूची-१० बमोजिमको ढाँचामा इजाजतपत्र दिनेछ ।

(२) यस नियमावली वमोजिम प्रदान गरिएको इजाजतपत्र हराए वा नासिएमा प्रतिलिपी पाउनको लागि जलयात्रा व्यवसायीले मन्त्रालय समक्ष दरखास्त दिनुपर्नेछ र दरखास्त मनासिव देखिएमा मन्त्रालयले एकहजार रुँपैया दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनेछ।

(३) यो नियमावली प्रारम्भ हुनु अगावै नेपाल सरकारको निकायमा दर्ता भई यस प्रदेशमा संचालन भई रहेका जलयात्राको व्यवसायीले यो नियमावली प्रारम्भ भएको एक वर्षभित्र यस नियमावली बमोजिम इजाजतपत्र लिई सक्नु पर्नेछ ।

५४. <u>इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले पालना गर्नुपर्ने शर्तहरु:</u> इजाजत प्राप्त जलयात्रा व्यवसायीले देहायका शर्त पालना गर्नु पर्नेछ:

(क) जलयात्रामा जलयात्रीलाई लैजानु अघि जलयात्रामा जाने व्यक्तिको नाम, ठेगानाको अभिलेख राख्ने,

(ख) संघीय सरकार तथा प्रदेश सरकारले जलयात्राको लागि खुला गरिएका नदी बाहेक अन्यत्र रहेका नदीमा पर्यटकलाई जलयात्रा नगराउने,

(ग) जलयात्रा व्यवसाय संचालन गर्न मन्त्रालयद्वारा तोकिएका आचार संहिताका मापदण्ड पालना गर्नुपर्ने,

(घ) जलयात्रा गर्दा, गराउँदा सम्वन्धीत कामको लागि नियुक्त कामदारवाट मात्र सेवा लिनुपर्ने,

(ङ) जलयात्रामा संलग्न हुने कामदारलाई आपसी करार गरेर मात्र काममा लगाउनु पर्ने,

(च) इजाजतपत्रको अवधिको प्रत्येक वर्षका वार्षिक प्रतिवेदन अख्तियार प्राप्त व्यक्तिबाट मन्त्रालयमा पेश गर्नुपर्ने,

(छ) आफूले पाएको इजाजतपत्र कार्यालयमा सबैले देखे ठाउँमा राख्नुपर्ने,

(ज) जलयात्रा गर्दा, गराउँदा एजेन्सी वा पर्यटकले पालना गर्नुपर्ने वातावरणीय सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्वन्धी र अन्य प्रचलित ऐन, नियमले तोकेको अन्य व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने,

(झ) प्रवन्धपत्रमा अन्य उद्देश्य समावेश भएको भए तापनि जलयात्रा व्यवसायीले गर्न पाउने भनी तोकिएको काम मात्र गर्न पाउने,

(ञ) इजाजत लिदा पेश गरेको विवरणमा कुनै हेरफेर वा संशोधन भएमा वा व्यवसाय वन्द गर्नु परेमा संशोधन भएको गरिने विवरण व्यवसाय वन्द भएको मितिले तीस भित्र सूचना दिनुपर्ने,

(ट) आफ्नो सेवा वापत पर्यटकवाट लिइने शुल्कको दरको सूचना प्रदेश सरकारलाई दिनुपर्ने र त्यस्तो सूचना कार्यालयमा सबैले प्रष्टसँग देख्न, पढ्न र बुझ्न सकिने गरि राख्नुपर्ने,

(ठ) ऐन, नियमावली, निर्देशिका र प्रदेश सरकारले दिएको निर्देशनको पालना गर्नुपर्ने ।

५५. <u>इजाजतपत्रको अवधि र नवीकरण:</u> (१) इजाजतपत्रको अवधि तीन वर्षको हुनेछ ।

(२) इजाजतपत्र नवीकरण गराउन चाहने व्यक्तिले इजाजतपत्रको अवधि समाप्त हुनु भन्दा तीन महिना अगावै मन्त्रालयमा दरखास्त दिनुपर्नेछ।

(३) उपनियम (१) बमोजिमको अवधि समाप्त भएपछि इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले इजाजतपत्र नवीकरण गर्न आएमा मन्त्रालयले जाँचबुझ गरी नवीकरण गर्न उपयुक्त देखेमा अनुसूची-१३ मा तोकिए बमोजिमको दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी मन्त्रालयले इजाजतपत्र नवीकरण गरिदिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको म्यादभित्र पनि जलयात्रा व्यवसायीले इजाजतपत्र नवीकरण नगराएमा मन्त्रालयको सिफारिशमा त्यस्तो इजाजतपत्र प्रदेश सरकारले खारेज गर्न सक्नेछ ।

५६. <u>इजाजतपत्र खारेज गर्दा अपनाउनुपर्ने कार्यविधि:</u> (१) मन्त्रिपरिषद्ले इजाजतपत्र खारेज गर्नुअघि सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिलाई पन्ध्र दिनको म्याद दिई सफाई पेश गर्न मौका दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र इजाजत प्राप्त व्यक्तिले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा मन्त्रिपरिषदले निर्णय गरी त्यस्तो जलयात्रा व्यवसायीलाई दिएको इजाजतपत्र खारेज गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम इजाजतपत्र खारेज भएमा जलयात्रा व्यवसायीले संविधान र प्रचलित कानून बमोजिम न्यायिक निकाय समक्ष पुनरावेदन गर्न सक्नेछ ।

५७. <u>जलयात्रा व्यवसायीको विवरण हेरफेर सम्वन्धी ब्यवस्था:</u> (१) इजाजत प्राप्त जलयात्रा व्यवसायीको साविकको नाम वा ठेगाना परिवर्तन भएमा परिवर्तन भएको मितिलें तीस दिन भित्रमा मन्त्रालयमा सूचना दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम सूचना प्राप्त भएपछि मन्त्रालयले नाम वा ठेगाना परिवर्तन भएको व्यहोरा अभिलेखमा जनाई सोको जानकारी मन्त्रिपरिषद्लाई गराउनु पर्नेछ ।

५८. <u>जलयात्रा व्यवसायीको शेयरधनी परिवर्तन सम्वन्धी ब्यवस्था:</u> (१) इजाजतप्राप्त जलयात्रा व्यवसायीको साविकको शेयरधनी परिवर्तन भएमा परिवर्तन भएको मितिले तीस दिन भित्रमा मन्त्रालयमा सूचना दिनुपर्नेछ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएपछि मन्त्रालयले जाँचवुझ गरी शेयरधनी परिवर्तन भएको व्यहोरा अभिलेखमा जनाई सोको जानकारी मन्त्रिपरिषद्लाई गराउनुपर्नेछ ।

५९. <u>व्यवसाय वा कारोबार वन्द गर्दा सूचना दिनुपर्ने:</u> (१) इजाजत प्राप्त जलयात्रा व्यवसायीले कुनै कारणले वा स्वेच्छाले व्यवसाय तथा कारोवार बन्द गरेमा बन्द गरेको मितिले तीस दिन भित्रमा मन्त्रालयमा सोको जानकारी दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम जानकारी प्राप्त भएपछि व्यवसाय वा कारोवारको इजाजत खारेज भएको व्यहोरा मन्त्रालयले अभिलेखमा जनाई सोको जानकारी सम्वन्धित पक्ष र मन्त्रिपरिषद्लाई गराउनु पर्नेछ ।

तर त्यसरी व्यवसाय वा कारोबार बन्द गरेपछि जलयात्रा व्यवसायीले तिर्नु बुझाउनु पर्ने रकम नबुझाएको भनी मन्त्रालयमा कसैको उजुरी पर्न आएमा प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम कारवाही हुनेछ ।

## परिच्छेद -६

## <u>रिभर गाइड सम्वन्धी ब्यवस्था</u>

६०. <u>परिचय पत्रका लागि दरखास्त दिनुपर्ने:</u> (१) रिभर गाइडको काम गर्न चाहने व्यक्तिले परिचय पत्रको लागि एक सय रुपैयाँ दरखास्त दस्तुर सहित देहायका कागजात संलग्न गरी अनुसूची-११ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनुपर्नेछ:

(क) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानद्वारा प्रदान गरिएको मान्यताप्राप्त तालीमको प्रमाणपत्रको प्रतिलिपी,

(ख) नागरिकताको प्रतिलिपी तथा तीन प्रति फोटो,

(ग) निरोगिताको प्रमाणपत्र ।

(२) कुनै पनि व्यक्तिले विदेशबाट प्राप्त गरेको रिभर गाइडको तालिम भए यस नियमावलीको नियम ६२ को उपनियम (१) बमोजिम गठित समितिले गरेको सिफारिस अनुसार आधारभूत सीप परिक्षण पश्चात समकक्षता निर्धारण गरी मन्त्रालयले रिभर गाइडको तालिमलाई मान्यता दिनेछ ।

(३) उपनियम (१) बमोजिम प्राप्त भएको दरखास्त जाँचबुझ गर्दा दरखास्त दिने व्यक्ति परिचय पत्रका लागि योग्य देखिएमा अनुसूची-१३ मा तोकिएको दस्तुर बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर सँलग्न गरी मन्त्रालयले अनुसूची-१२ बमोजिमको ढाँचामा रिभर गाइडको परिचय पत्र दिनेछ ।

६१. <u>अयोग्यताः</u> देहायको व्यक्ति रिभर गाइडको परिचय पत्र प्राप्त गर्नको लागि योग्य हुने छैनः

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(ख) कुनै मानसिक रोग लागेको,

(ग) नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त संस्थाबाट रिभर गाइडको तालिम नलिएको,

(घ) रिभर गाइडको अनुमतिपत्र खारेज भई तीन बर्षको अवधि भुक्तान भइ नसकेको,

(ङ) निरोगिताको प्रमाणपत्र नभएमा ।

६२. <u>विदेशी तालिमको मान्यताः</u> (१) विदेशबाट प्राप्त गरेको रिभर गाइडको तालीमलाई मान्यता दिने सम्बन्धमा सिफारिस गर्ने प्रयोजनका लागि मन्त्रालयले रिभर गाइड सम्बन्धी तालिम दिन नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता प्राप्त वा प्रचलित कानून बमोजिम इजाजत वा अनुमतिपत्र प्राप्त संस्था समेतको प्रतिनिधित्व हुने गरी बढीमा तीन सदस्य रहेको एक समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो तालीमलाई मान्यता दिन सकिने वा नसकिने व्यहोराको सिफारिस मन्त्रालयमा पेश गर्नेछ र सो समितिले मान्यता दिन सकिने व्यहोरा सिफारिस गरेमा मन्त्रालयले आधारभूत सीप परिक्षण पश्चात समकक्षता निर्धारण गरी वा गराई त्यस्तो रिभर गाइडको तालीमलाई मान्यता दिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिमको समितिले उपनियम (२) बमोजिम सिफारिस गर्दा विचार गर्नुपर्ने कुरा मन्त्रालयले समय समयमा तोकी दिए बमोजिम बमोजिम हुनेछ ।

६३. <u>परिचय पत्रको अवधि र नवीकरणः</u> (१) परिचय पत्रको अवधि तीन वर्षको हुनेछ ।

(२) परिचय पत्रको नवीकरण गर्ने म्याद एक वर्षभन्दा कम बाँकी रहेको अवस्थामा पनि नवीकरण गर्न सकिनेछ ।

(३) परिचय पत्र नवीकरण गराउन चाहने व्यक्तिले परिचय पत्रको अवधि समाप्त हुन तीन महिना अगावै एकसय रुपैयाँ दरखास्त दस्तुर सहित परिचय पत्र प्रदान गर्ने मन्त्रालयमा दरखास्त दिनु पर्नेछ।

(४) उपनियम (१) बमोजिमको अवधि समाप्त भएपछि अनुसूची-१३ मा तोकिएको नवीकरण दस्तुर लिई मन्त्रालयले नवीकरण गरिदिने छ तर त्यस्तो नवीकरण गर्न तीन बर्ष भन्दा बढी समयको अवधी नाघेमा नवीकरण गरिने छैन र त्यस्तो रिभर गाइडको परिचय पत्रको लागि पुनः दरखास्त दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको म्यादभित्र पनि परिचय पत्र नवीकरण नगराएमा त्यस्तो परिचय पत्र स्वतः रद्द हुनेछ ।

६४. <u>परिचय पत्र हराएमा प्रतिलिपी प्रदान गर्ने</u>: (१) रिभर गाइडको लागि प्रदान गरिएको परिचयपत्र कुनै कारणले हराएमा सोको प्रतिलिपी प्राप्त गर्न दरखास्त दस्तुर वापत एकसय रुपैया सहित मन्त्रालय समक्ष दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी पाँचसय रुपैया बैंकमा जम्मा गर्न लगाई सोको सक्कल भौचर राखी परिचय पत्रको प्रतिलिपी प्रदान गर्नेछ ।

६५. <u>रिभर गाइडले गर्न नहुने काम</u>: रिभर गाइडले देहायका काम गर्न पाइने छैनः

(क) आफूले जलयात्रा गराएको पर्यटकसँग कुनै किसिमको मालसामान खरिद गर्न वा सो कामसँग सम्बन्धित व्यक्तिसँग नगद वा अरु कुनै चिज वस्तु माग्न वा लिन,

(ख) जलयात्रा व्यवसायीले उपलब्ध गराएका उपकरण बेचबिखन गर्न,

(ग) जलयात्रा व्यवसायीको निर्देशन विपरीत कार्य गर्न,

(घ) कुनै पनि किसिमले खराब आचरण प्रदर्शन गर्न,

(ङ) आफ्नो अनुमतिपत्र अरुलाई हस्तान्तरण गरी रिभर गाइडको काम गर्न लगाउन,

(च) मन्त्रालयबाट जारी गरिएको रिभर गाइडको पालना गर्नुपर्ने आचार संहिता विपरित कार्य गर्न ।

६६. <u>रिभर गाइडको काम, कर्तव्य र अधिकार</u>: रिभर गाइडको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जलयात्राको लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट खुला गरिएका नदीमा मात्र जलयात्रा टोलीलाई जलयात्रा गराउने,

(ख) जलयात्रा टोलीसँग अनुशासित र मर्यादित ढंगले सम्वन्ध राखी काम गर्नुपर्ने,

(ग) जलयात्रा व्यवसायीबाट जलयात्राको लागि प्राप्त मालसामान हिनामिना हुन नदिने,

(घ) जलयात्रा टोलीलाई सुरक्षित र सरल तरिकाले जलयात्रा गराउन सहयोग गर्ने,

(ङ) जलयात्रा टोलीलाई कुनै विपद् परेमा उद्वार गर्ने र जलयात्रीको जीउधन संरक्षण गर्ने,

(च) जलयात्राको सिलसिलामा सरसामान प्रयोग गर्दा निस्केका फोहोरमैला यस नियमावली बमोजिम व्यवस्थापन गर्ने गराउने,

(छ) मन्त्रालय र सम्वन्धीत जलयात्रा व्यवसायीले दिएको निर्देशन बमोजिम काम गर्ने,

(ज) जलयात्राको सिलसिलामा कुनै विपत आइपरेमा जलयात्रीको जीउ धन संरक्षण गर्न आवश्यक काम गर्ने वा गराउने ।

६७. <u>परिचय पत्र खारेज गर्न सकिने</u>: (१) देहायका अवस्थामा मन्त्रालयले रिभर गाइडले पाएको परिचय पत्र खारेज गर्नेछः

(क) परिचय पत्र प्राप्त व्यक्ति नियम ६१ बमोजिम अयोग्य भएमा,

(ख) परिचय पत्र प्राप्त व्यक्तिले नियम ६५ मा उल्लेख भए बमोजिमको कुनै काम गरेमा ।

(२) उपनियम (१) बमोजिम परिचय पत्र खारेज गर्नुअघि मन्त्रालयले निजलाई कम्तिमा पन्ध्र दिनको म्याद दिई आफ्नो सफाई पेश गर्न मौका दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सफाईको मौका दिदा त्यस्तो सफाई चित्त बुझ्दो नभई मन्त्रालयले परिचय पत्र खारेज गरेमा त्यस्तो खारेजी प्रति चित्त नबुझ्ने पक्षले खारेजीको जानकारी पाएको मितिले तिस दिन भित्र मन्त्रालयमा पुनरावेदन गर्न सक्नेछ।

६८. <u>रिभर गाइड र कामदारलाई दिनु पर्ने सुविधा:</u> इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीले जलयात्रा टोलीसँग जाने रिभर गाइड वा कामदारलाई निजको मासिक पारिश्रमिकको अतिरिक्त जलयात्रा अवधिभरको लागि कम्तिमा अनुसूची-१४ बमोजिमको सुविधा उपलब्ध गराउनु पर्नेछ ।

६९. <u>रकम असूल गराइदिन सक्ने:</u> (१) कुनै रिभर गाइड वा कामदारले इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायीसँग आफूले गरेको कामको पारिश्रमिक लिन बाँकी रहेकाले भराई पाउन मन्त्रालय समक्ष दिएको दरखास्त जाँचबुझ गर्दा सो व्यहोरा मनासिव देखिएमा मन्त्रालयले सम्वन्धित जलयात्रा व्यवसायीलाई बाँकी पारिश्रमिक दिन निर्देशनात्मक आदेश जारी गर्नेछ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले निर्देशन दिएमा त्यस्तो निर्देशन बमोजिम रकम दाखिला गर्नु सम्वन्धित जलयात्रा व्यवसायीको कर्तव्य हुनेछ ।

(३) उपनियम (१) बमोजिमको आदेशको पालना नगर्ने जलयात्रा व्यवसायीको इजाजतपत्र रद्द गर्न मन्त्रालयले मन्त्रिपरिषदमा प्रस्ताव लेखी पठाउन सक्नेछ ।

(४) इजाजत पत्र रद्द गर्नुअघि सम्वन्धित जलयात्रा व्यवसायीलाई सफाईको मौका दिनु पर्नेछ।

७०. <u>जलयात्रा व्यवसायी मार्फत जलयात्रा गर्नुपर्ने:</u> मन्त्रालयले अन्यथा स्वीकृति दिएकोमा बाहेक जलयात्रा गर्ने पर्यटकले यस नियमावली बमोजिम इजाजतपत्र प्राप्त जलयात्रा व्यवसायी मार्फत मात्र जलयात्रा गर्नु पर्नेछ ।

७१. <u>संयुक्त प्रयासमा कार्यक्रम संचालन गर्न सक्ने:</u> जलयात्राका लागि प्रदेश सरकारले खुला गरेका नदीको वातावरणीय स्वच्छता तथा पर्यावरणीय पद्दतिलाई कायम राख्न मन्त्रालयले सम्वन्धित स्थानीय तह तथा सम्बद्ध संस्थाहरुसँग सहकार्य गरी संयुक्त प्रयासमा आवश्यक कार्यक्रम संचालन गर्न सक्नेछ ।

७२. <u>अन्य पर्यटन व्यवसाय सम्वन्धी व्यवस्था:</u> ऐनको दफा २८ मा उल्लेखित व्यवसायको दर्ता, नवीकरण, संचालन, खारेजी सम्बन्धी व्यवस्था मन्त्रालयले जारी गरेको कार्यविधि अनुसार हुनेछ ।

## परिच्छेद -७

## <u>पर्यटकीय क्षेत्रको प्रवर्द्धन, विकास र व्यवस्थापन</u>

७३. <u>समितिको गठन:</u> (१) पर्यटकीय क्षेत्रको विकास, प्रवर्द्धन र व्यवस्थापन गर्न प्रदेश भित्रका स्थानीय तहको कुनैपनि स्थानमा वा एकभन्दा बढी स्थानीय तहको खास क्षेत्रमा पर्नेगरी देहाय बमोजिमको पर्यटन प्रवर्द्धन विकास समिति गठन गरिनेछ ।

(क) सम्वन्धित क्षेत्रमा स्थायी बसोवास गरेका व्यक्तिमध्येबाट प्रदेश सरकारले तोकेको व्यक्ति -अध्यक्ष

(ख) पर्यटनसँग सम्वन्धित व्यवसायी, समाजसेवी वा वुद्धिजीविमध्येबाट एक जना महिला सहित मन्त्रालयले मनोनित गरेको तीन जना -सदस्य

(ग) कार्यकारी निर्देशक -सदस्य-सचिव

(२) अध्यक्ष वा मनोनित सदस्यको पदावधि चार बर्षको हुनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यक्ष वा मनोनित सदस्यले आफ्नो पद अनुरुप काम नगरेमा प्रदेश सरकारले निजलाई जुनसुकै बखत अध्यक्ष वा सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

७४. <u>समितिको काम, कर्तव्य र अधिकार:</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) पर्यटकीय क्षेत्रको पर्यटन विकासको लागि प्राकृतिक, सामाजिक, साँस्कृतिक र वातावरणीय पक्ष तथा जैविक विविधताको संरक्षण र सम्वर्द्धन गर्न आवश्यक नीति निर्धारण गर्ने,

(ख) पर्यटकीय क्षेत्रमा सम्भाव्य पर्यटकीय स्थलको पहिचान गर्ने तथा पर्यटन विकासको लागि विभिन्न योजना तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने वा गराउने,

(ग) पर्यटकीय क्षेत्रको साँस्कृतिक तथा प्राकृतिक सम्पदाको विवरण संकलन गर्ने,

(घ) पर्यटकीय क्षेत्रको पर्यटन विकास सम्बन्धमा आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने,

(ङ) पर्यटकीय क्षेत्रमा पर्यटन व्यवसायको दिगो विकास र विस्तार गरी स्वदेश तथा विदेशमा सम्वन्धीत पर्यटकीय क्षेत्रलाई एक आकर्षण र भरपर्दो पर्यटकीय स्थलको रुपमा पहिचान गराउने,

(च) पर्यटकीय क्षेत्रमा स्वास्थ्य, कृषि, खेलकुद, मनोरञ्जनात्मक, धार्मिक तथा साँस्कृतिक, साहसिक पर्यटन जस्ता पर्यटकीय गतिविधिको विविधिकरण र विकास गर्ने,

(छ) पर्यटकीय क्षेत्रको कला र संस्कृतिको बारेमा पर्यटकको अभिरुची वृद्धि गर्न विविध कार्यक्रम सञ्चालन गर्ने वा गराउने,

(ज) पर्यटन सम्वन्धी रोजगारमूलक तालिम तथा सिप विकास कार्यक्रममा युवा, महिला, आदिवासी, जनजाति, दलित र पिछडिएको वर्गलाई प्राथमिकता दिई सहभागी गराउने,

(झ) समुदायमा आधारित पर्यटन विकासको माध्यमबाट ग्रामीण गरीवी न्यूनिकरण गर्ने,

(ञ) आधुनिक सूचना प्रविधि र उपकरणको उपयोग गरी पर्यटकीय सेवालाई सर्वसुलभ तथा गुणस्तरीय बनाउने,

(ट) पर्यटकीय क्षेत्रको कला, संस्कृति र रहन सहनको परिचय दिलाउने किसिमका आवास गृह, चमेना गृह आदि निर्माण गरी सञ्चालन गर्ने वा गराउने,

(ठ) पर्यटन सम्वन्धी कृयाकलाप सञ्चालन गर्दा सम्वन्धीत पर्यटकीय क्षेत्रको सौंस्कृतिक, वातावरणीय सौन्दर्यता तथा जैविक विविधतामा पर्ने असरलाई न्यूनिकरण गर्न आवश्यक उपायको अवलम्वन गर्ने,

(ड) पर्यटकीय क्षेत्रभित्रका ताल, पोखरी, नदी, खोला आदिमा प्रदुषण हुन नदिन आवश्यक योजना तयार गरी कार्यान्वयन गर्ने वा गराउने,

(ढ) पर्यटकीय क्षेत्रमा मुलुकका अन्य क्षेत्रका नागरिकको भ्रमणलाई प्रोत्साहन गरी आन्तरिक पर्यटन विकास गर्ने,

(ण) पर्यटकीय क्षेत्रमा सम्भाव्य पदयात्रा क्षेत्र पहिचान गरी स्वदेशी तथा विदेशी पर्यटकलाई पदयात्राको पूर्वाधार तयार गर्ने,

(त) पर्यटकीय क्षेत्रको पर्यटन विकासको लागि सरकारी तथा गैर सरकारी संस्थाबीच आवश्यक समन्वय गर्ने वा गराउने,

(थ) समितिको उद्देश्य पूर्तिको लागि अन्य काम गर्ने वा गराउने ।

(२) समितिको अन्य काम, कर्तव्य र अधिकार प्रदेश सरकारले तोके बमोजिम हुनेछ ।

७५. <u>समितिको बैठक सम्वन्धी कार्यविधिः</u> (१) समितिका बैठक कम्तीमा छ महिनामा एक पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति र समयमा समितिको कार्यालयमा बस्नेछ ।

(३) समितिको बैठक बस्ने सूचना समितिको सदस्य-सचिवले बैठक बस्नु भन्दा कम्तीमा सात दिन अगावै सदस्यलाई दिनुपर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिको सदस्य मध्ये जेष्ठ सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले सम्वन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निणर्य समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(९) समितिको वैठक सम्बन्धी अन्य कायविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

७६. <u>समितिको कार्यकारी निर्देशकः</u> (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी निर्देशक रहनेछ ।

(२) मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र पर्यटन क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव भएको व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गरिनेछ।

(३) उपनियम (२) बमोजिमको कार्यकारी निर्देशकको नियुक्तिका लागि योग्य व्यक्ति छनौट गर्न मन्त्रालयले पन्ध्र दिनको सूचना आह्वान गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको सूचना अनुसार मन्त्रालयमा प्राप्त भएका निवेदनको मूल्याङ्कन गरि सिफारिश गर्न मन्त्रालयका पर्यटन हेर्ने महाशाखा प्रमुखको संयोजकत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका अधिकृत प्रतिनिधि र पर्यटन हेर्ने शाखाको प्रमुख सम्मिलित तीन सदस्यीय सिफारिश समिति गठन हुनेछ।

(५) उपनियम (४) बमोजिमको समितिले प्राप्त निवेदनको मूल्याङ्कन गरी मन्त्रालयमा सिफारिश गरेका आधारमा मन्त्रालयले मन्त्रिस्तरीय निर्णय गराई छनौट भएको निवेदकलाई चार बर्षको लागि कार्यकारी निर्देशकमा नियुक्ति गर्नेछ ।

(६) उपनियम (५) मा बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि समाप्त भइ पद रिक्त रहेमा सोहि पदमा कार्यरत पदावधि समाप्त भएको कार्यकारी निर्देशकलाई बढीमा तीन महिनाको लागि कार्य संचालन गर्नका लागि मन्त्रालयले तोक्न सक्नेछ ।

(७) मन्त्रालयले आवश्यक देखेमा उपनियम (५) बमोजिम नियुक्त कार्यकारी निर्देशकलाई एक पदावधि थप गर्न सक्नेछ ।

(८) उपनियम (५) वा उपनियम (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यकारी निर्देशकले आफ्नो पद अनुरुपको काम नगरेमा वा समितिको हित बिपरीत काम गरेको प्रमाणित भएमा मन्त्रालयले निजलाई पदावधि समाप्त हुनु अगावै पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

(९) उपनियम (५) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका अन्य शर्त र सुविधा प्रदेश सरकारको अधिकृतस्तर सातौं वा सो सरहको हुनेछ ।

७७. <u>कार्यकारी निर्देशकको काम, कर्तब्य र अधिकार:</u> कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) समितिबाट स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन गर्नु,

(ख) समितिको तत्कालीन, अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी समिति समक्ष पेश गर्नु,

(ग) समितिको वार्षिक कार्यक्रम तयार गरी समिति समक्ष पेश गर्नु,

(घ) समितिको निर्णय कार्यान्वयन गर्नु,

(ङ) तोकिए बमाजिमको अन्य कार्य गर्नु वा गराउनु ।

७८. <u>समितिका कर्मचारी:</u> (१) समितिले प्रदेश सरकारको पूर्व स्वीकृति लिएर समितिमा आवश्यकता अनुसार करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम करारमा नियुक्त कर्मचारीको पारिश्रमिक र सुविधा समितिको सिफारिशमा मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

(३) प्रदेश सरकारको स्वीकृति लिइ समितिका कर्मचारीको पारिश्रमिक तथा सुविधामा वृद्धि गर्न सकिनेछ।

७९. <u>समितिको कोष:</u> (१) समितिको कार्य सञ्चालनका लागि एउटा छुट्टै कोष हुनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायको रकम रहनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम,

(ग) विदेशी सरकार, व्यक्ति, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट ऋण वा अनुदान स्वरुप प्राप्त रकम,

(घ) समितिले उपलब्ध गराएको सेवा वापत प्राप्त रकम, वा

(ङ) अन्य कुनै सर्तबाट प्राप्त रकम ।

(३) उपनियम (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नुपूर्व समितिले नेपाल सरकार र प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ ।

(४) समितिले उपनियम (१) बमोजिमको कोषमा रहने रकम नेपाल भित्रको कुनै बैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(५) समितिको नामबाट गरिने सबै खर्च उपनियम (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(६) समितिको लेखा कार्यकारी निर्देशक र समितिको लेखा सम्बन्धी काम गर्ने कर्मचारीको सयुक्त हस्ताक्षरबाट सञ्चालन गरिनेछ ।

८०. <u>समितिको कोषको लेखा:</u> (१) समितिको आय-व्ययको लेखा नेपाल सरकार र प्रदेश सरकारले तोकेको ढाँचा बमोजिम राखिनेछ ।

(२) समितिले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नुपर्नेछ ।

(३) समितिको आन्तरिक लेखापरीक्षण मान्यताप्राप्त लेखा परीक्षकमध्येबाट समितिले तोकेको लेखापरीक्षकले गर्नेछ ।

(४) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(५) प्रदेश सरकार वा नेपाल सरकारले चाहेमा समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

८१. <u>उपसमिति गठन गर्न सक्ने:</u> (१) समितिले यो नियमावली बमोजिम आफूले गर्नुपर्ने काम सुचारु रुपले गर्न गराउनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि तथा त्यस्ता उपसमितिको सदस्यले पाउने सुविधा उपसमिति गठन गर्दाको बखत समितिले तोके बमोजिम हुनेछ ।

८२. <u>बैठक भत्ता:</u> सदस्यले समितिको बैठकमा भाग लिए वापत पाउने बैठक भत्ता प्रदेश सरकारले तोकेको मापदण्डका आधारमा हुनेछ । बैठकमा आउँदा जाँदाको समयमा यातायात खर्च र अन्य खर्चको व्यवस्था समितिले मन्त्रालयबाट कार्यविधी स्वीकृत गराई लागू गर्नेछ ।

८३. <u>प्रतिवेदन पेश गर्नुपर्ने:</u> समितिले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले साठी दिन भित्रमा आफूले सम्पादन गरको कामको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

८४. निर्देशन दिन सक्ने: (१) मन्त्रालयले समितिद्वारा गरिने काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

८५. अधिकार प्रत्यायोजन: समितिले यस नियमावली बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार अध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८६. प्रदेश सरकारसँग सम्पर्क गर्नुपर्ने: समितिले आफ्नो काम कारबाहीको सिलसिलामा प्रदेश सरकारसँग सम्पर्क राख्नुपर्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

८७. समितिको कार्यालय: समितिको कार्यालय मन्त्रालयको समन्वयमा समितिले तोकेको सम्वन्धित क्षेत्रको उपयुक्त स्थानमा रहनेछ ।

८८. कार्यविधि बनाउन सक्ने: (१) यस परिच्छेदको उद्देश्य कार्यान्वयन गर्न समितिले आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बनेको कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

## परिच्छेद -८
## विविध

८९. पर्यटक प्रहरीको व्यवस्थापन सम्वन्धी व्यवस्था: (१) प्रदेश नम्बर एकका पर्यटकीय क्षेत्र र स्वदेशी तथा बिदेशी पर्यटकहरुको सुरक्षा गर्न मन्त्रालयको अनुरोधमा प्रदेश सरकारको सम्वन्धित निकायले पर्यटक प्रहरीको व्यवस्था गर्नेछ ।

(२) उपनियम (१) बमोजिम नियुक्त पर्यटक प्रहरीको सेवा, सुविधा, परिचालन र व्यवस्थापन सम्वन्धमा प्रदेश सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम हुनेछ ।

९०. वातावरणीय सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था: (१) पर्यटकीय गतिविधिबाट जम्मा हुने फोहोरमैलालाई देहाय बमोजिम बर्गिकरण गरिएको छ:

(क) नष्ट गर्न सकिने फोहोरमैला ।

(ख) पुनः प्रयोग गर्न सकिने फोहोरमैला ।

(२) उपनियम (१) बमोजिमको वर्गीकरणमा पर्ने बस्तुहरु अनुसूची-१५ मा उल्लेख भए बमोजिम हुनेछन् ।

(३) इजाजत प्राप्त पर्यटन व्यवसायीले उपनियम (१) को खण्ड (क) बमोजिमका फोहोरमैला गाउँपालिका वा नगरपालिकाको पदाधिकारी वा नगरपालिका वा अन्तर्गतको वडा कार्यालयको पदाधिकारीको रोहवरमा र त्यस्तो पदाधिकारी उपस्थित हुन नसकेमा त्यस्तो पर्यटन व्यवसायीले स्थानीय प्रतिनिधिको उपस्थितिमा पानीघाट वा सार्वजनिक महत्वको वा सन्धिसर्पन नपर्ने ठाउँमा पुऱ्याई त्यस्तो वस्तुको प्रकृति अनुसार जलाउने, नष्ट गर्ने वा खाडल खनी पुर्ने व्यवस्था गर्नु पर्नेछ ।

(४) इजाजत प्राप्त पर्यटन व्यवसायीले उपनियम (१) को खण्ड (ख) बमोजिमका फोहोरमैला स्थानीय तह वा सो अन्तर्गतको वडा कार्यालयले बुझी व्यवस्थापन गर्न चाहेमा त्यस्तो स्थानीय तह

वा सो अन्तर्गतको वडा कार्यालयलाई र त्यस्तो स्थानीय तह वा सो अन्तर्गतको वडा कार्यालयले बुझी लिन नचाहेमा मन्त्रालयले तोकेको उपयुक्त ठाउँमा व्यवस्थापन गर्नुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम फोहोरमैला बुझी व्यवस्थापन गर्ने स्थानीय तह वा सो अन्तर्गतको वडा कार्यालयले त्यस्तो पर्यटन व्यवसायीसँग पाँच हजार रुपैयासम्म शुल्क लिन सक्नेछ ।

(६) पर्यटन व्यवसायीले यस नियमावली बमोजिम फोहोरमैला व्यवस्थापन नगरी स्थानीय तह वा सो अन्तर्गतको वडा कार्यालयले गर्ने वा गराउने व्यवस्था गरेमा सो वापत व्यवस्थापन गर्ने वस्तुको प्रकृति हेरी पाँच हजार रुपैयाँसम्म सम्वन्धित स्थानीय तह वा सो अन्तर्गतको वडा कार्यालयलाई उपलव्ध गराउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम त्यस्तो रकम उपलब्ध नगराएमा तत्सम्वन्धमा तथ्य प्रमाणको अध्ययन अनुसन्धान गरी त्यस्तो व्यवसायीले मन्त्रालयमा बैंक ग्यारेण्टीको रुपमा राखेको रकमबाट मन्त्रालयले पाँच हजार रुपैयाँ कट्टा गरी त्यस्तो स्थानीय तह वा सो अन्तर्गतको वडा कार्यालयको नाममा उपलब्ध गराइ दिनेछ ।

(८) उपनियम (७) बमोजिमको रकम उपलब्ध गराएमा सम्वन्धीत पर्यटन व्यवसायीले बैंक ग्यारेण्टी बराबरको रकम पैतीस दिनभित्र मन्त्रालयमा दाखिला गर्नुपर्नेछ ।

९१. <u>वातावरणीय अध्ययन सम्वन्धी व्यवस्था:</u> यस नियमावली बमोजिम संचालन हुने विभिन्न पर्यटन व्यवसायका संचालकले प्रदेशको प्रचलित वातावरण संरक्षण सम्वन्धी कानून बमोजिम मन्त्रालयबाट वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने भए स्वीकृत गराउनु पर्नेछ ।

९२. <u>स्वीकृति विना मालसामान बिक्री वा हक हस्तान्तरण गर्न नहुने:</u> इजाजत प्राप्त पर्यटन व्यवसायीले नेपाल सरकारबाट परिवर्त्य विदेशी मुद्रा वा अरु कुनै किसिमको सहुलियत पाई खरिद गरेको मालसामान मन्त्रालयको स्वीकृति बिना कसैलाई बिक्री वा हक हस्तान्तरण गर्न हुँदैन ।

९३. <u>आचार संहिता बनाई लागू गर्न सक्ने:</u> मन्त्रालयले इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्न सक्नेछ र त्यस्तो आचार संहिताको पालना गर्नु सम्बन्धित इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीको कर्तव्य हुनेछ ।

९४. <u>नेपाली पर्यटक सम्वन्धी विशेष व्यवस्था:</u> प्रदेश सरकार वा मन्त्रालयले कुनै विशेष उपलक्ष्यमा प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निश्चित अवधिका लागि नेपाली पर्यटकलाई विशेष व्यवस्था गर्न सक्नेछ ।

९५. <u>पर्यटकीय क्षेत्रको पूर्वाधार विकास:</u> मन्त्रालयले पर्यटकीय क्षेत्रको पूर्वाधार विकासका लागि प्रचलित कानूनको अधिनमा रही संघीय सरकार वा स्थानीय तहसँगको समन्वयमा विशेष अनुदान प्रदान गर्न सक्नेछ ।

९६. <u>करार गराएर मात्र काममा लगाउनु पर्ने:</u> (१) इजाजत प्राप्त पर्यटन व्यवसायीले कुनै व्यक्तिलाई पर्यटन व्यवसाय सम्वन्धी काममा लगाउँदा अनुसूची-१६ बमोजिमको ढाँचामा करार गरी काममा लगाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम करारमा राखिएको व्यक्तिको विवरण, दिएको सेवा सुविधा समेत खुल्ने गरी नियम १०१ बमोजिम पेश गरिने प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ ।

९७. <u>व्यक्तिगत दुर्घटना बीमा सम्बन्धी व्यवस्थाः</u> (१) पर्यटन व्यवसायीले पर्यटन व्यवसायमा संलग्न कामदार, कर्मचारी तथा पर्यटकका लागि नेपालभित्र संस्थापित बीमा कम्पनीबाट कम्तिमा दश लाख रकम बराबरको तेश्रो पक्ष बीमा गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको बीमाङ्क रकम पर्यटन व्यवसायमा सँलग्न कुनै कामदार, कर्मचारी तथा पर्यटक दुर्घटनामा परी अङ्गभङ्ग वा मृत्यू भएमा त्यस्तो पर्यटन व्यवसायमा सँलग्न कामदार, कर्मचारी तथा पर्यटकले बीमा कम्पनीबाट पाउनु पर्ने रकम निज वा निजको मृत्यू भएमा निजले इच्छाएको व्यक्ति भए त्यस्तो व्यक्ति र निज पनि नभए निजको नजिकको हकवालालाई दिलाई दिने जिम्मेवारी सम्बन्धित पर्यटन व्यवसायीको हुनेछ ।

(३) उपनियम (२) बमोजिमको रकम पाउने व्यक्ति नाबालक भएमा निजले पाउने रकम सम्बन्धित बीमा कम्पनी वा इजाजतपत्र प्राप्त व्यक्तिले मन्त्रालयमा बुझाउनु पर्नेछ र मन्त्रालयले त्यस्तो नाबालक बालिग नभएसम्म निजको पालन पोषणको आवश्यक व्यवस्था मिलाउनको लागि सो रकमको उपयुक्त व्यवस्था गर्नेछ ।

(४) पर्यटन व्यावसायीले बीमाङ्क रकम उपलब्द नगराएको भनी पीडितले मन्त्रालयमा उजुरी गरेमा पर्यटन व्यवसायीको बैंक जमानतबाट त्यस्तो रकम मन्त्रालयले पीडितलाई दिलाउन सक्नेछ ।

(५) यस नियमावली बमोजिम कुनैपनि पर्यटन व्यवसायीले बीमा नगराई कामदार तथा कर्मचारीलाई काममा लगाएमा वा पर्यटन सेवा संचालन गरेमा मन्त्रालयले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(६) पर्यटन विकास ऐन तथा नियमावलीमा तोकिएको रकम अनुसारको बीमा गराउने प्रयोजनका लागि पर्यटन व्यवसायको प्रकृति तथा कामदार वा कर्मचारीको प्रकृति अनुसार पर्यटन व्यवसायीलाई प्रदेश सरकारले वा मन्त्रालयले निर्णय गरी निश्चित सुविधा उपलब्ध गराउन सक्नेछ ।

९८. <u>अनलाइन प्रणालीबाट सेवा उपलब्ध गराउन सक्नेः</u> (१) मन्त्रालयले यस नियमावली बमोजिम गरिने काम, कारवाही आवश्यकता अनुसार अनलाइन प्रणालीबाट समेत गर्न गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनलाइन प्रणालीबाट गरिने कामकारवाहीको शर्त र प्रक्रिया मन्त्रालयले निर्धारण गरबमोजिम हुनेछ ।

९९. <u>पर्यटन व्यवसायको पहिचान सम्बन्धी व्यवस्थाः</u> पर्यटन व्यवसायीले आफ्नो व्यवसायको पहिचानका लागि प्रयोग गर्ने विभिन्न प्रकारका वोर्ड, सूचनापाटी वा अन्य यस्तै प्रकारका प्रचारात्मक सामग्रीमा हरियो पृष्ठभूमिमा सेतो अक्षरको प्रयोग गर्नुपर्नेछ ।

१००. <u>निरीक्षण गर्न सक्ने तथा निर्देशन दिन सक्नेः</u> (१) मन्त्रालयले कुनै टोली वा अधिकारी खटाई इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीको कार्यालय वा निजको काम कारवाहीको निरीक्षण गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निरीक्षण गर्न आउने टोली वा अधिकारीले माग गरे बमोजिमका विवरणहरु उपलब्ध गराउनु सम्वन्धीत इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीको कर्तव्य हुनेछ ।

(३) प्रदेश सरकारले इजाजतप्राप्त पर्यटन व्यवसायीलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित पर्यटन व्यवसायीको कर्तव्य हुनेछ ।

१०१. <u>प्रतिवेदन पेश गर्नु पर्ने:</u> इजाजतपत्र प्राप्त पर्यटन व्यवसायीले वार्षिक रुपमा आर्थिक वर्ष समाप्त भएको साठी दिन भित्र आफ्नो कारोबारको विवरण सहितको प्रतिवेदन अनुसूची-१७ बमोजिमको ढाँचामा मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१०२. <u>नवीकरण सम्बन्धी विशेष व्यवस्था:</u> (१) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ भएका मितिले दुई वर्ष अघिसम्म नवीकरण गराउन नसकेका पर्यटन व्यवसायीलाई मन्त्रालयले एकपटकको लागि छ महिनाको समयावधि दिई नवीकरण गर्न सूचना आह्वान गर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचनाको अवधिभित्र नवीकरण गर्न चाहने पर्यटन व्यवसायीले आधार र कारण सहित अनुसूची-३ बमोजिमको ढाँचामा मन्त्रालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त प्राप्त भएमा र पेश गरिएको कारण उपयुक्त देखिएमा पछिल्लो दुई वर्षसम्म नवीकरण नगराएको भए मन्त्रालयले अनुसूची-१३ बमोजिम लाग्ने नवीकरण दस्तुर लिई एक पटकको लागि नवीकरण गर्नुपर्नेछ।

१०३. <u>अनुसूचीमा हेरफेर, थपघट गर्न सक्ने:</u> मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर, थपघट गर्न सक्नेछ ।

१०४. <u>बाधा अड्काउ फुकाउ:</u> यस नियमावली बमोजिम कार्य सम्पादन गर्ने सिलसिलामा कुनै बाधा अवरोध सिर्जना भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

राजीव कुमार राई
सचिव



राजीव कुमार राई
सचिव

अनुसूची-१
(नियम ३ को उपनियम (१) सँग सम्वन्धित)

## ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्रको लागि दिइने दरखास्त

श्री ......................................................................,

................................., ........ ।

ट्राभल/ट्रेकिङ्ग एजेन्सीको काम गर्न इच्छा भएकोले देहायका विवरण खुलाई यो दरखास्त गरेको छु ।

१. प्रस्तावित ट्राभल / ट्रेकिङ्ग एजेन्सीको,-
   (क) नाम :
   (ख) ठेगाना :
   (ग) धनी/शेयर धनी /प्रोप्राइटरको नाम र विवरण :

| क.सं. | नम | उमेर | ठेगाना | शेयर वा हिस्सा | |
|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत |
| | | | | | |

२. ट्राभल /ट्रेकिङ्ग एजेन्सीमा लगानी गरेको पूंजी-
   (क) अधिकृत पूँजी :
   (ख) जारी पूँजी :
   (ग) चुक्ता पूंजी:
   (घ) स्थिर पूँजी :
   (ङ) चालू पूँजी :

३. ट्राभल/ट्रेकिङ्ग एजेन्सीको शाखा कार्यालय खोल्ने भएमा,-
   (क) संख्या :
   (ख) नेपाल राज्यभित्र :
   (ग) नेपाल राज्य बाहिर :

४. आगामी तीन वर्षमा सेवा पुऱ्याउने अनुमानित पर्यटक संख्या तथा विदेशी मुद्रा आर्जन सम्बन्धी विवरण :

| वर्ष | पर्यटकको संख्या | विदेशी मुद्रा आर्जन | पर्यटक ल्याउने प्रमुख देशहरू |
|---|---|---|---|
| पहिलो | | | |
| दोस्रो | | | |
| तेस्रो | | | |

५. प्रस्तावित जनशक्तिको विवरण:

| संख्या | टिकेटिङ्ग अफिसर | ट्राभल/ट्रेकिङ्ग अफिसर | प्रशासनिक कर्मचारी | लेखाको कर्मचारी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|

प्रमुख सचिव

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |

६. सवारी साधनको प्रस्तावित व्यवस्था:

| सवारी साधन | संख्या | भाडामा लिने | खरिद गर्ने |
|---|---|---|---|
| बस | | | |
| मिनिबस | | | |
| माइक्रोबस | | | |
| जीप | | | |
| कार | | | |
| अन्य | | | |

७. विदेशी ट्राभल तथा ट्रेकिङ्ग वा अन्य त्यस्तै प्रकृतिका एजेन्सीहरूसँग सम्बद्ध कायम गरिने भएमा त्यसको,-

नाम: फ्याक्स:
ठेगाना: इन्टरनेट :
टेलिफोन: इमेल :

८. अन्य कुनै कुरा भए ........... ............. .......................

९. संलग्न गरिएका कागजात:

(१)
(२)
(३)

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको,-
सही :
नाम:
पूरा ठेगाना:
मिति :

सचिव

प्रमुख सचिव

अनुसूची-२

(नियम ४ को उपनियम (२) सँग सम्वन्धित)

## ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र

इजाजतपत्र संख्या.................

श्री .....................................................

.....................................।

तपाईलाई ट्राभल / ट्रेकिङ्ग एजेन्सीको काम गर्न यो इजाजतपत्र दिइएको छ।

१. इजाजतपत्र प्राप्त व्यक्तिको,-

(क) नाम :

(ख) ठेगाना :

(ग) धनी /संस्थापक शेयर धनी/प्रोप्राइटरको नाम र विवरण :

२. ट्राभल वा ट्रेकिङ्ग एजेन्सीको,-

(क) नाम :

(ख) मूख्य कार्यालय रहने ठेगाना :

(ग) शाखा कार्यालय रहने ठेगाना :

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको,-

सही:

नाम:

पद:

कार्यालय:

मिति:

नवीकरणको विवरण

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |

नोटः प्रवन्धपत्रमा उल्लेखित ट्राभल/ट्रेकिङ्ग एजेन्सीको मात्र कार्य गर्ने गरी।

सचिव

अनुसूची-३

(नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

<u>ट्राभल तथा ट्रेकिङ्गको नवीकरणका लागि दिइने दरखास्तको ढाँचा</u>

श्री.... ..............................................

....................................... ।

मैले/हामीहरूले संचालन गरिरहेको ......................... को लाई पर्यटन विकास नियमावली, २०७७ को नियम ७ को उपनियम (२) बमोजिम नवीकरण गर्नको निमित्त दरखास्त दस्तूर वापतको रकम यसैसाथ राखी निवेदन गर्दछु/गर्दछौं ।

पर्यटन विकास ऐन, २०७६ तथा पर्यटन विकास नियमावली, २०७७ को अधिनमा रही आफ्नो कारोबार सन्चालन गर्नेछु/ गर्नेछौं ।

निवेदक,

निवेदकको नाम :-

ठेगाना :-

मिति :-

प्रमुख सचिव

अनुसूची-४

(नियम २० को उपनियम (१) सँग सम्वन्धित)

**होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार तथा पार्टी प्यालेसको स्तर दर्ताका लागि दिइने दरखास्तको ढाँचा**

श्री.... ..............................................

........................................ ।

मैले/हामीहरूले संचालन गरिरहेको ........................ लाई पर्यटन विकास नियमावली, २०७७ को नियम ७ बमोजिम पर्यटक स्तरको ............................ होटल तथा लज/रेष्टुँरा, रिसोर्ट तथा बार/ पार्टी प्यालेसको स्तर वर्गीकरण गरी पाउनको निमित्त दरखास्त दस्तूर वापतको रकम यसैसाथ राखी निवेदन गर्दछु/गर्दछौं ।

पर्यटन विकास ऐन, २०७६ तथा पर्यटन विकास नियमावली, २०७७ को अधिनमा रही आफ्नो कारोबार सन्चालन गर्नेछु/ गर्नेछौं ।

निवेदक,

निवेदकको नाम :-

ठेगाना :-

मिति :-

अनुसूची-५

(नियम २० को उपनियम (१) को खण्ड (ठ) सँग सम्बन्धित)

<u>स्थानीय तहले सिफारिस गर्दा खुलाउनु पर्ने विवरण</u>

(क) व्यवसाय गर्न लागिएको स्थान,

(ख) जग्गाको क्षेत्रफल र चारकिल्ला,

(ग) भवन निर्माण सम्बन्धी विवरण (भौतिक बनावट, कोठाको संख्या, साइज, स्नानघर र शौचालयको व्यवस्था सम्बन्धी)

(घ) भौतिक पूर्वाधार (खानेपानी, ढल, बत्ती, बाटो) को विवरण,

(ङ) ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका वस्तुलाई असर पार्ने, नपार्ने

(च) वातावरण सम्बन्धी विवरण,

(छ) वरिपरिको दृष्य, उपयुक्तता र स्तरीयता जस्ता अन्य आवश्यक कुरा ।

अनुसूची-६

(नियम २१ को उपनियम (१) सँग सम्बन्धित)

**होटल, लज, रेष्टुराँ, रिसोर्ट, बार तथा पार्टी प्यालेसको दर्ताका लागि दिइने प्रमाणपत्रको ढाँचा**

इजाजतपत्र संख्या..................

श्री ..........................................................

.................................।

तपाईलाई ................................................ संचालन गर्न यो इजाजतपत्र दिइएको छ।

१. इजाजतपत्र प्राप्त व्यक्तिको,-

(क) नाम :

(ख) ठेगाना :

(ग) धनी /संस्थापक शेयर धनी/प्रोप्राइटरको नाम र विवरण :

कार्यालयको छाप

इजाजतपत्र दिने अधिकारीको,-

सही:

नाम:

पद:

कार्यालय:

मिति:

नवीकरणको विवरण

| इजाजतपत्रको अवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |

नोट: प्रबन्धपत्रमा उल्लेखित कार्य मात्र गर्ने गरी।

प्रमुख सचिव

रामजीलाल कुमार राई
सचिव

प्रमुख सचिव

अनुसूची-७

(नियम ४४ को उपनियम (१) सँग सम्वन्धित)

## पथप्रदर्शक (गाइड) को इजाजतपत्र लिनको लागि दिइने दरखास्तको ढाँचा

श्री ..................................ज्यू,

............................................. ।

महोदय,

मलाई पथ प्रदर्शको काम गर्ने इच्छा भएकोले .... पर्यटन विकास ऐन, .... को दफा ....... को उपदफा ....... बमोजिम इजाजतपत्र पाउँनको निमित्त रु. दशको टिकट टाँसी दरखास्त यसैसाथ राखी निम्न लिखित व्यहोरा खुलाई निवेदन गरेको छु। पासपोर्ट साइजको २ प्रति फोटो र मान्यताप्राप्त .........................तालिम प्रतिष्ठानबाट प्राप्त प्रमाणपत्रको नक्कल यसैसाथ पेश गरेको छु। सक्कल कार्यालयले चाहेको बखतमा पेश गर्नेछु । इजाजतपत्र पाएमा प्रचलित कानूनको अधिनमा रही पथ प्रदर्शक सम्वन्धी काम गर्नेछु ।

निवेदकको :

(क) नाम, थर र वतन :-

(ख) बाबुको नाम, थर र वतन :-

(ग) बाजेको नाम, थर र वतन :-

(घ) शैक्षिक योग्यता वा तालीम :-

(ङ) उमेर :-

(च) अनुभव :-

मिति:-

निवेदक,

अनुसूची-८

(नियम ४४ को उपनियम (२) सँग सम्वन्धित)

**पथप्रदर्शक (गाइड) को इजाजतपत्रको ढाँचा**

१. पथ प्रदर्शकको पूरा नाम :-

२. ठेगाना :-

(क) स्थायी :-

(ख) अस्थायी :-

३. पारिश्रमिकको विवरण :-

(क) .....................

(ख) .....................

४. पथ प्रदर्शन गर्ने भाषा :-

५. इजाजतपत्रको म्याद .................. देखि ...................... सम्म श्री ................... लाई ...... पर्यटन विकास ऐन, २०७६ र पर्यटन विकास नियमावली, २०७७ बमोजिम पथ प्रदर्शक, रिभर गाइड, टेकिङ पोटर गाइड, बर्ड वाच गाइडको काम गर्न यो इजाजतपत्र दिइएको छ ।

.............................. कार्यालयको छाप :

प्रमाण पत्र जारी गर्नेको सही :-

पूरा नाम :-

दर्जा :-

मिति :-

प्रमुख सचिव

## अनुसूची-९
(नियम ५१ को उपनियम (२) सँग सम्वन्धित)

## जलयात्राको इजाजतपत्रका लागि दिइने दरखास्तको ढाँचा

श्री ............................................... ।

विषय: इजाजतपत्र पाउँ ।

जलयात्राको व्यवसाय सञ्चालन गर्न देहायको विवरण खुलाई यो दरखास्त गरेको छु ।

१. जलयात्रा व्यवसायीको :-

(क) नाम :-

(ख) ठेगाना :-

(ग) शेयर धनी / प्रोपाइटरको नाम र विवरण :-

| क.सं | नम | उमेर | ठेगाना | शेयर वा हिस्सा | |
|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत |
| | | | | | |

२. जलयात्रा व्यवसायमा लगानी गरिने पूँजीको विवरण:

(क) कम्पनीको चुक्ता पूँजी :-

(ख) कम्पनीको जारी पूँजी :-

(ग) कम्पनीको अधिकृत पूँजी :-

(घ) कम्पनीको स्थिर पूँजी :-

(ङ) फर्म भए फर्मको जायजेथा:-

३. आगामी तीन वर्षमा सेवा पुऱ्याउने अनुमानित पर्यटक संख्या र विदेशी मुद्रा आर्जन सम्बन्धी विवरण :-

| क. सं. | वर्ष | पर्यटकको अनुमानित संख्या | अनुमानित विदेशी मुद्रा आर्जन | पर्यटक ल्याउने प्रमुख संभाव्य देशहरू |
|---|---|---|---|---|
| १. | पहिलो वर्ष | | | |
| २. | दोस्रो वर्ष | | | |
| ३. | तेस्रो वर्ष | | | |

राजीव कुमार राई
सचिव

४. प्रस्तावित जनशक्तिको विवरण :-

| रिभर गाइड | प्रशासनिक | लेखा | अन्य | जम्मा |
|---|---|---|---|---|
| . . . . . . .जना | . . . . . . .जना | . . . . . . .जना | . . . . . . .जना | . . . . . . .जना |

५. जलयात्रा सञ्चालन गर्न आवश्यक हुने साधनहरूको प्रस्तावित विवरण:-

| सामाग्री | प्रस्तावित संख्या | भाडामा लिने | खरिद गर्ने |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

६. विदेशी जलयात्रा व्यवसायी वा अन्य त्यस्तै प्रकृतिका व्यवसायीसँग सम्बद्धता कायम गरिने भएमा त्यसको विवरण:

(क) नाम:- टेलिफोन:-

(ख) पूरा ठेगाना:- फ्याक्स:-

इन्टरनेट :-

इमेल:-

७. अन्य आवश्यक कुनै कुरा भए ....... ............ ......................

८. संलग्न गरिएका कागजात :-

(क)

(ख)

(ग)

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको :-

सही :-

नाम :-

पूरा ठेगाना :-

मिति :-

प्रमुख सचिव

अनुसूची-१०

(नियम ५३ को उपनियम (१) सँग सम्वन्धित)

## जलयात्राको इजाजतपत्रको ढाँचा

श्री . . . . . . . .

विषय: इजाजतपत्र ।

तपाईलाई जलयात्राको व्यवसाय सञ्चालन गर्न पर्यटन विकास नियमावली २०७७ को नियम ५३ को उपनियम (१) बमोजिम यो इजाजतपत्र दिइएकोछ ।

इजाजतपत्र प्राप्तजलयात्रा व्यवसायीको,-

(क) नाम :-

(ख) ठेगाना :-

(ग) धनी / शेयरधनी / प्रोपाइटरकोनाम र विवरण :-

(घ) इजाजतपत्रको अवधि :-

इजाजतपत्र दिनेअधिकारीको,-

कार्यालयको छाप

सही:-

नाम:-

पद:-

कार्यालय:-

मिति:-

नवीकरणको विवरण

| इजाजतपत्रकोअवधि | | नवीकरण दस्तुर तथा अन्य विवरण | नवीकरण गरेको मिति | नवीकरण गर्ने अधिकारीकोसही |
|---|---|---|---|---|
| देखि | सम्म | | | |
| | | | | |
| | | | | |

अनुसूची-११
(नियम ६० को उपनियम (१) सँग सम्वन्धित)

**रिभर गाइडको परिचय पत्रका लागि दिइने दरखास्तको ढाँचा**

श्री ............................ज्यू,

.......................................... ।

महोदय,

रिभर गाइडको काम गर्ने इच्छा भएकोले .... पर्यटन विकास ऐन तथा नियमावली बमोजिम इजाजतपत्र पाउँनको निमित्त दरखास्त यसैसाथ राखी निम्न लिखित व्यहोरा खुलाई निवेदन गरेको छु। पासपोर्ट साइजको २ प्रति फोटो र मान्यताप्राप्त ............................तालिम प्रतिष्ठानबाट प्राप्त प्रमाणपत्रको नक्कल यसैसाथ पेश गरेको छु। सक्कल कार्यालयले चाहेको बखतमा पेश गर्नेछु। इजाजतपत्र पाएमा प्रचलित कानूनको अधिनमा रही रिभर गाइड सम्वन्धी काम गर्नेछु।

निवेदकको :

(क) नाम, थर र वतन :-

(ख) बाबुको नाम, थर र वतन :-

(ग) बाजेको नाम, थर र वतन :-

(घ) शैक्षिक योग्यता वा तालीम :-

(ङ) उमेर :-

(च) अनुभव :-

मिति:-

निवेदक,

अनुसूची-१२
(नियम ६० को उपनियम (३) सँग सम्बन्धित)

## रिभर गाइडको परिचय पत्रको ढाँचा

१. रिभर गाइडको पूरा नाम :-

२. ठेगाना :-

(क) स्थायी :-

(ख) अस्थायी :-

३. पारिश्रमिकको विवरण :-

(क) ......................

(ख) ......................

४. पथ प्रदर्शन गर्ने भाषा :-

५. इजाजतपत्रको म्याद ................... देखि ....................... सम्म श्री ................... लाई ...... पर्यटन विकास ऐन, ...... र .......नियमावली, ....... बमोजिम रिभर गाइडको काम गर्न यो इजाजतपत्र दिइएको छ ।

......................... कार्यालयको छाप :

प्रमाण पत्र जारी गर्नेको सही :-

पूरा नाम :-

दर्जा :-

मिति :-

अनुसूची-१३

(नियम ४ को उपनियम (२), नियम ७ को उपनियम (३), नियम २१ को उपनियम (१), नियम २७ को उपनियम (३), नियम ३२, नियम ४४ को उपनियम (२), नियम ५३ को उपनियम (१), नियम ५५ को उपनियम (३), नियम ६० को उपनियम (३), नियम ६३ को उपनियम (४), नियम १०२ को उपनियम (३) सँग सम्वन्धित)

## इजाजत र नवीकरण दस्तुर

(१) ट्राभल तथा ट्रेकिङ्गको लागि

(क) इजाजत दस्तुरः- पन्ध्र हजार रुपैयाँ ।
(ख) नवीकरण दस्तुरः- पन्ध्र हजार रुपैयाँ ।

(१) होटल तथा लज, रेष्टुराँ तथा रिसोर्ट र पार्टी प्यालेसको लागि

(क) इजाजत दस्तुरः- (क) पर्यटकस्तरको होटल तथा लजको लागिः- पन्ध्र हजार रुपैयाँ ।
(ख) पर्यटकस्तरको रेष्टुँरा तथा रिसोर्टको लागिः- पन्ध्र हजार रुपैयाँ ।
(ग) पार्टी प्यालेसको लागि - दशहजार रुपैयाँ
(ख) नवीकरण दस्तुरः- पाँच हजार रुपैयाँ ।

(२) पथ प्रदर्शकको लागि

(क) इजाजत दस्तुरः- एक हजार पाँचसय रुपैयाँ ।
(ख) नवीकरण दस्तुरः- पाँचसय रुपैयाँ ।

(३) जलयात्रा व्यवसायका लागि

(क) इजाजत दस्तुरः- पच्चीस हजार रुपैयाँ ।
(ख) नवीकरण दस्तुरः- पहिलो तीन महिना सम्मको लागि पच्चीस हजार रुपैयाँ ।
- त्यसपछिको एक वर्ष सम्मको लागि प्रति महिना थप पाँच हजार रुपैयाँ ।

(४) रिभर गाइडको परिचय पत्रको लागि

(क) इजाजत दस्तुरः- एक हजार छसय रुपैयाँ
(ख) नवीकरण दस्तुरः- म्याद समाप्त भएको तीन महिना सम्मको लागि नवीकरण दस्तुरको पचहत्तर प्रतिशत ।
-छ महिना सम्मको लागि इजाजत दस्तुरको शत प्रतिशत।
-एक वर्षभन्दा बढी अवधी भुक्तान भएको भए प्रत्येक वर्षको लागि थप दुई हजार रुपैयाँ

प्रमुख सचिव

सञ्जीव कुमार राई
सचिव

अनुसूची-१४

(नियम ६८ सँग सम्वन्धित)

<u>रिभर गाइडको र कामदारलाई दिनुपर्ने सुविधा</u>

१. रिभर गाइड र कामदारलाई देहायका दरले न्यूनतम दैनिक भत्ता दिनु पर्नेछ:

(क) रिभर गाइडलाई एक हजार पाँच सय रुपैयाँ ।

(ख) कामदारलाई एक हजार रुपैयाँ ।

२. रिभर गाइडलाई जलयात्रासँग सम्वन्धित देहायका मालसामान दिनुपर्नेछ:

(क) जलयात्रामा आवश्यक पर्ने सुरक्षात्मक सामग्री

(ख) खाना, औषधी र औषधी उपचारको सरसामान ।

३. अन्य थप सुविधा दिने भए सो उल्लेख गर्ने:

(क)

(ख)

## अनुसूची-१५
(नियम ९० को उपनियम (२) सँग सम्वन्धित)

**फोहोरमैलाको बर्गिकरण**

१. नष्ट गर्न सकिने फोहोरमैलाः

शौच कागज, अन्य कागजहरु, कार्डवोर्ड, बाँस तथा काठबाट निर्मित सामानँ, जुट र सूतिका झोला, सडेगलेको खानेकुरा, फलफूल तथा त्यसको बोका तथा अन्य यस्तै फोहोरमैला ।

२. पुनः प्रशोधन गर्न सकिने फोहोरमैलाः

टीन, शिसी, जार वा काँचका भाडा वर्तन, प्लाष्टिकका बट्टाहरु, प्लाष्टिकका सीट, प्लाष्टिकका झोला, ग्याँस कन्टेनर, स्लिपिङ्ग ब्याग, प्लाष्टिक कन्टेनर, प्लाष्टिकका डोरी र यस्तै पुनः प्रशोधन गर्न सकिने अन्य फोहोरहरु ।

अनुसूची-१६
(नियम ९६ को उपनियम (१) सँग सम्वन्धित)

## करार पत्रको ढाँचा

..................................को छोरा / छोरी / श्रीमती .................... जिल्ला ................. गाँउपालिका / न.पा. वडा नं. .... बस्ने वर्ष ...... को श्री .................................... लाई.................... पर्यटन व्यवसाय सम्वन्धी व्यक्ति, फर्म वा कम्पनीबाट............क्षेत्रमा मिति ................ देखि ........सम्म ...... दिनको लागि ...............काम गर्न गराउन दुवै पक्ष बीच निम्न लिखित सुविधा लिने दिने कुरामा सहमति भई यो करार गरेका छौं ।

पर्यटन व्यवसायीबाट दिइने सुविधाहरू

१.

२.

३

| कामदारको तर्फबाट | इजाजतपत्र व्यक्तिको तर्फबाट |
|---|---|
| सही : | सही : |
| नाम : | नाम : |
| ठेगाना: | पद : |
| | ठेगाना : |

इति सम्वत् .......... साल.........महिना..........गते रोज ........ शुभम्

अनुसूची-१७
(नियम १०१ सँग सम्वन्धित)

प्रतिवेदनको ढाँचा

श्री ..............................................,
............................ ।

विषयः प्रतिवेदन ।

पर्यटन विकास ऐन, २०७६ तथा नियमावली, २०७७ को प्रयोजनको लागि मिति........................ देखि ......................... सम्मको लागि देहायको विवरण सहितको प्रतिवेदन पेश गरेको छु ।

१. नेपाल भित्र तथा बाहिर पर्यटकहरुलाई यातायात सेवा प्रदान गरिएको विवरण :-

क) भित्र :-

ख) बाहिर :-

२ . यातायात सेवा उपलब्ध गराईएका पर्यटकहरूको संख्या र राष्ट्रियता एवं परिवहन सम्बन्धी विवरण :-

| क्र.सं. | पर्यटकको संख्या विवरण | राष्ट्रियता | सेवा पुऱ्याइएको स्थानको विवरण | | वास बसेको होटल |
|---|---|---|---|---|---|
| | | | कहांदेखि | कहांसम्म | |
| | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

नोट :- सेवाग्राही पर्यटकको राष्ट्रियता खुलेको नाम सहितको विवरण छुट्टै पानामा संलग्न गर्नुपर्ने छ ।

३. नेपाल भित्र र बाहिर आफ्नो व्यवसायको प्रचार प्रसार गराएको विवरणः-

| उत्पादित प्रचार सामाग्री | परिमाण | प्रचार वा वितरण गरेको स्थान | आमन्त्रित व्यक्तिको नाम र देश |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

४. अन्तर्राष्ट्रिय सभा सम्मेलन आदिमा भाग लिएको विवरणः-

| | |
|---|---|
| पर्यटन मेला | |
| सेल्स मिशन | |

| | |
|---|---|
| पर्यटन सम्वन्धी गोष्ठी र कार्यशाला | |
| विविध | |

५. पर्यटन व्यवसाय विकासका लागि विदेशबाट आमन्त्रित व्यक्तिहरूको विवरण:-

| आमन्त्रित व्यक्तिको नाम र देश | पटक |
|---|---|
| | |

६. आय व्ययको वार्षिक लेखापरीक्षण भएको प्रतिवेदनको विवरण :-

७. कार्यरत कर्मचारीहरूको विवरण:-

| नाम थर | पद | दरबन्दी संख्या ( करार भए खुलाउने) | नियुक्ति मिति | तलब |
|---|---|---|---|---|
| | | | | |

८. कूल कारोवारमा मुद्रा स्थितिको विवरण :-

| स्वदेशी मुद्रा | भारतिय मुद्रा | परिवर्त्य विदेशी मुद्रा | जम्मा |
|---|---|---|---|
| | | | |

९. कारोवारबाट प्राप्त विदेशी मुद्राको विवरण :-

| भारतिय मुद्रा | परिवर्त्य विदेशी मुद्रा | जम्मा |
|---|---|---|
| | | |

१०. यस अवधिमा बुझाएको करको रकम :-

(क) आयकर:-

(ख) मुल्य अभिबृद्धि कर :-

(ग) पर्यटक सेवा शुल्क :-

११. स्थानीय तह/प्रदेश/संघमा कर चुक्ता गरेको विवरण:

प्रमुख सचिव

सन्जीत कुमार राई
सचिव

११. (क) भौतिक पूर्वाधारको विवरण:-

| विवरण | | किसिम | प्रतिवेदन अवधि अगाडी | प्रतिवेदन अवधिमा थप | जम्मा |
|---|---|---|---|---|---|
| सवारी साधन | कार | | | | |
| | जिप | | | | |
| | भ्यान | | | | |
| | बस | | | | |
| | माइक्रोवस | | | | |
| | मिनिवस | | | | |
| | अन्य | | | | |
| टेलिफोन/ फ्याक्स | | | | | |
| कम्प्यूटर | | | | | |
| विविध उपकरण | | | | | |

(ख) सुविधावाट ल्याइएका भौतिक साधनहरुको विवरण :

| विवरण | | किसिम | प्रतिवेदन अवधि अगाडी | प्रतिबेदन अवधिमा थँप | जम्मा |
|---|---|---|---|---|---|
| सवारी साधन | १ | सवारी नं. | | | |
| | २ | सवारी नं. | | | |
| विविध उपकरण | | | | | |
| | | | | | |



सञ्जीव कुमार राई
सचिव

११. पर्यटक यातायात व्यवसायीको-
(क) नाम, थर :-
(ख) ठेगाना :-
इजाजत नं.र इजाजत अवधि

इजाजतपत्र प्राप्त व्यक्तिको तर्फबाट :-
सही-

नाम थर :-
पद :-
टेलिफोन:-
फयाक्स:-
इमेल:-
वेभसाइट:-
मिति :-



सम्जीव कुमार राई
सचिव